
पुष्करलालद्वारा प्रतिष्ठापित
# नेपाल समाचारपत्र
राष्ट्रिय दैनिक
Pioneer Private Publication House · Established in Mangsir 15, 2041
newsofnepal.com
शुक्रबार, जेठ २०, २०७९ | Friday, June 3, 2022 | नेसं ११४२ तछलाथ्व ५ | वर्ष २७, अंक १२४ | पृष्ठ ८ | मूल्य रु १०/–

SADHANA साधना Health & Beauty

sadhana.newsofnepal.com

## निर्वाचनको मिति सिफारिस गर्न गृहकार्य अघि बढाइँदै

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनको मिति सरकारसमक्ष सिफारिस गर्न गृहकार्य अघि बढाएको छ।

आयोगले स्थानीय तहको निर्वाचन सकिएलगत्तै प्रतिनिधिसभा र प्रदेशको सभाको निर्वाचनको मिति सिफारिस गर्न आन्तरिक तयारी शुरू गरेका छन्। यसका लागि आयुक्तहरू भित्री रूपमा छलफल थालेका छन्।

निर्वाचनको मिति, निर्वाचन एकै चरणमा गर्ने कि दुई चरणमा गर्ने विषयमा छलफल भइरहेको आयुक्तहरू बताउँछन्। आयुक्तहरूले आन्तरिक छलफल सकिएपछि औपचारिक रूपमा निर्णय गर्ने, त्यस विषयमा राजनीतिक दलहरूको धारणा र सुझाव लिनेछ।

आयुक्तहरू निर्वाचन मिति विषयमा छलफल गरी सरकारसमक्ष सिफारिस गर्नेछ। प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनसम्बन्धी कानुनमा आयोगसँग परामर्शमा सरकारले निर्वाचनको मिति तोक्ने प्रावधान रहेको छ।

संविधानमा प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल निर्वाचन भएको मितिदेखि पाँच वर्ष कार्यकाल भनेको छ। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा २०७४ साल मंसिर १० र २१ गते भएको थियो। प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐनको आधारमा निवार्चित भएको अवधिबाट कार्यकाल पाँच वर्ष भनिएकाले आयोगले मंसिर २२ लाई कार्यकाल सकिने दिन भनेको छ। यसले गर्दा मंसिर १५ गतेभित्र निर्वाचन गराउन सरकारसमक्ष सिफारिस गर्ने प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले बताउनुभयो। 'मंसिर १५ गतेभित्रमा निर्वाचन गराएमा कार्यकाल सकिनु एक, दुई दिनसम्म मतगणना कार्य सम्पन्न भइसक्ने हाम्रो बुझाइ रहेको छ' -प्रमुख निर्वाचन आयुक्त थपलियाले भन्नुभयो। यस विषयमा औपचारिक निर्णयसँगै सर्वदलीय बैठक राखेपछि सरकारसमक्ष निर्वाचनको मिति सिफारिस गर्ने आयोगको तयारी रहेको छ।

राजनीतिकस्तरमा कार्यावधिको विषयमा विवाद रहेको छ। २०७४ मंसिरमा निर्वाचन भए पनि समानुपातिक निर्वाचनको समेत मतगणना सकिएपछि संसद्को कार्यकाल फागुणमा शुरू भएको थियो। अर्कोतर्फ निर्वाचन एक चरणमा गर्ने वा दुई चरणमा गर्ने विषयमा सुरक्षा व्यवस्था, व्यवस्थापन, चाडपर्व, मौसम, भूगोललगायत सबै पक्षलाई हेरेर निर्णय गरिने पनि प्रमुख निर्वाचन आयुक्त थपलियाको भनाइ रहेको छ।

आयोगले विगतमा मंसिर दोस्रो सातादेखि फागुणसम्म हिमाली क्षेत्रमा निर्वाचन गराउन नसकिने आधार मानेर दुई चरणमा निर्वाचन गराउन परेमा पहिलो चरणमा हिमाली जिल्लामा निर्वाचन गराउँदै आएको छ।

## नेपाललाई प्रधानमन्त्री बनाउने गरी वाम गठबन्धन ?

### अहंकारीले गठबन्धन तोड्न भ्रम फैलाए : नेपाल

कपिल काफ्ले, काठमाडौं

प्रतिनिधिसभाका प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष केपी ओलीले सार्वजनिक रूपमा 'मैले चाहे भने सत्ता गठबन्धन एक सातामा टुटाइदिन्छु' भनेको करिब एक महिनापछि एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाललाई प्रधानमन्त्री बनाउने गरी वाम एकताको प्रयास भएको छ।

एकीकृत समाजवादीका अध्यक्ष नेपालले ओलीप्रति संकेत गर्दै 'तत्काल वाम एकता सम्भव छैन, अहंकारीले गठबन्धन तोड्न भ्रम मात्र फैलाइरहेका छन्' भन्नुभएको छ।

सुर्खेतमा बिहीबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा अध्यक्ष नेपालले एकीकृत समाजवादी, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच तालमेल हुने हल्ला मात्रै भएको बताउनुभएको हो। अहिले एमालेसँग वाम एकता या चुनावी तालमेलको कुनै पनि सम्भावना नरहेको नेपालको भनाइ थियो।

'अहंकारी र षड्यन्त्रकारीहरूले वर्तमान वाम लोकतान्त्रिक गठबन्धन तोड्न अनेक खाले भ्रमहरू फैलाइरहेका छन्, तर स्थानीय निर्वाचनमा जसरी पाँच दलीय गठबन्धनले सफलता हासिल गर्‍यो त्यही सफलता प्रतिनिधिसभाको निर्वाचनमा पनि हासिल गर्नेछ, हामी कम्तीमा केही महिनापछि हुने प्रतिनिधिसभासम्मको निर्वाचनसम्म गठबन्धन तोड्न दिनेछैनौं', अध्यक्ष नेपालले भन्नुभयो- 'हामीमा कुनै पदको लालसा छैन, षड्यन्त्रकारीको भ्रमलाई सजिलै परास्त गर्न सक्छौं।'

नेपालले स्थानीय तह निर्वाचन परिणामलाई समीक्षा गर्दै आफ्नो पार्टीले सम्मानजनक हैसियत प्राप्त गरेको बताउनुभयो, भन्नुभयो- 'नेकपा एकीकृत समाजवादीलाई यो सम्मान प्रदान गरेकोमा मतदाता जनताप्रति हार्दिक आभार प्रकट गर्दछु।'

'आगामी प्रदेश र प्रतिनिधि सभा निर्वाचनसम्म अहिलेकै वाम-लोकतान्त्रिक गठबन्धनले निरन्तरता पाउनेछ', नेपालले भन्नुभयो- 'कतिपय पालिकामा चुनाव चिह्नको अस्पष्टताले गर्दा सिट गुमाउनुपर्‍यो, तर पनि अन्तिमसम्म प्रयास गर्ने नेता तथा कार्यकर्ता र आफ्नो पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई म बधाई दिन चाहन्छु।'

**समाचार समीक्षा**

दुई-दुई पटकसम्म प्रतिनिधिसभा भंग गरेका कारण प्रतिगमनकारीको आरोप खेप्दै आएका पूर्वप्रधानमन्त्री ओलीले स्थानीय निर्वाचनको एक साताअघि ग्यालेक्सी टेलिभिजनमा वरिष्ठ पत्रकार विजयकुमार पाण्डेलाई अन्तर्वार्ता दिँदै आफूले चाहे सत्ताधारीहरूको गठबन्धन तोड्न एक साता पनि नलगाउने चेतावनी दिनुभएको थियो। स्थानीय निर्वाचनमा पहिलो ठूलो दल बन्ने ओलीको अपेक्षा सत्ताधारी गठबन्धनकै कारण दोस्रो ठूलो दलमा सीमित भएपछि उहाँकै तर्फबाट नेपाललाई प्रधानमन्त्री बनाउने गरी वाम गठबन्धन गर्न पहल भएको बताइन्छ। यद्यपि, एमालेले आधिकारिक रूपमा यस प्रकारको प्रयासका सम्बन्धमा कुनै धारणा सार्वजनिक गरेको छैन।

स्थानीय तह निर्वाचनको परिणामलाई लिएर अध्यक्ष ओली खुसी नरहेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले दाबी गर्नुभएको छ। 'सार्वजनिक मन्तव्यमा जे भने पनि स्थानीय तहको निर्वाचनले एमालेलाई आगामी दिन सहज छैन भन्ने परेको छ', विजयी उम्मेदवारलाई प्रशिक्षण दिँदै अध्यक्ष प्रचण्डले बुधबार भन्नुभयो- 'मुखले जे भने पनि, भाषणमा जे भने पनि मन त रोएकै छ भन्ने थाहा पाइन्छ।'

एमालेका नेताहरू आगामी दिनमा गठबन्धन हुने हो कि होइन भन्नेबारे सहज अवस्थामा नरहेको दाहालको दाबी थियो। 'चैनमा त छैनन् नि एमाले अहिले' भन्दै ओलीले स्थानीय तह निर्वाचन प्रचारका क्रममा माओवादी वैशाख ३० गतेपछि गुगलमा मात्रै भेटिने भनेर दिएको अभिव्यक्तिलाई पनि प्रचण्डले स्मरण गर्नुभएको थियो।

कांग्रेस नेतृत्वको गठबन्धनमा आफू प्रतिबद्ध रहेको जनाउँदै दाहालले माओवादीलाई हल्का रूपमा नलिन आग्रह गर्नुभएको छ, र गठबन्धन संघीय निर्वाचनमा पनि कायम रहने बताउनुभएको छ, 'यो गठबन्धन लिएरै जाने हो। संविधान, लोकतन्त्र, राष्ट्रियताको रक्षाको निम्ति भनेर गठबन्धन गरेको हो।'

तर, अध्यक्ष प्रचण्डले सत्ताधारी गठबन्धनको अगुवा भएर सरकारको नेतृत्व गर्दै आएको नेपाली कांग्रेसप्रति पनि आलोचना गर्नुभएको छ। 'नेकामा अहंकार नआओस्। उसले टेकन फर ग्रान्टेड गर्‍यो, माओवादी केन्द्रलाई अन्डरस्टिमेट गर्‍यो भने समस्या आउन सक्छ' -उहाँले वाम गठबन्धनको विकल्पको ढोका बन्द नभएको संकेत पनि गर्नुभयो।

'स्थानीय तह निर्वाचनपछि ओलीले आत्मसमीक्षा गर्ने ठानेको थिएँ तर त्यसो भएन', दाहालको भनाइ थियो- 'निर्वाचनको परिणाम आएपछि त एमालेको मूल नेतृत्वमा चेतना आयो होला, अलिअलि आत्मसमीक्षा गर्ने चेतना भयो होला भन्ठानेको त प्रतिनिधिसभामा तीन घण्टा अरूलाई गाली गरेरै सके।'

माओवादीले जस्तो हामी कसैको वैशाखी टेक्दैनौं भन्ने ओलीलाई 'मैले पनि भन्नै पर्‍यो, तिमी कसको वैशाखी टेकेर दुईचोटि प्रधानमन्त्री भएका थियौ ? आफ्नो अनुहार ऐनामा हेर्न परेन ?'

२०७४ को निर्वाचनमा राष्ट्रिय हित र कम्युनिस्ट आन्दोलनका लागि पार्टी नै एकता गर्दा त्यसको दुरूपयोग भएको दाहालको भनाइ थियो। दुरूपयोगको सम्भावना जहाँको त्यहीँ रहेका कारण अहिले वाम एकता वा गठबन्धनको सम्भावना नरहेको नेपाल-दाहाल दुवैको आशय देखिन्छ।

संविधानको जुन धाराअनुसार शेरबहादुर देउवाको सरकार बनेको छ, त्यसलाई विस्थापित गरेर माधव नेपाल वा अरू कसैको नेतृत्वमा अर्को सरकार बन्ने परिकल्पना वर्तमान संविधानले गरेको छैन। त्यसैले पनि संघीय निर्वाचनअघि वाम एकताको सम्भावनालाई बल पुग्दैन।

## पल शाहलाई थुनामै राख्न आदेश

पोखरा, (नेस)

जिल्ला अदालत तनहुँ र नवलपुरको आदेशविरुद्ध उच्च अदालत पुगेका कलाकार पल शाहको मुद्दा बदर भएको छ। उच्च अदालत पोखरा इजलास ३ का न्यायाधीश उज्ज्वल शुक्ल र श्रीधरा कुमारी पुडासैनीको संयुक्त इजलासले तनहुँकै आदेशलाई सदर गर्दै थुनामा राख्न आदेश दिएको हो।

उच्च अदालतमा शाहका वकिल कमलामोहन वाग्ले, जगदीशचन्द्र पाण्डे र मिलनध्वज शाहले बहस गरेका थिए। विपक्षमा सरकारी वकिल सहन्यायाधिवक्ता ईश्वरीप्रसाद ढकालले बहस गर्नुभएको थियो।

नाबालिग गायिका माथि जबर्जस्ती करणीको अभियोगमा पुर्पक्षमा रहेका कलाकार पल शाहको मुद्दा सुनुवाइ यसअघि दुई पटकसम्म स्थगित गरिएको थियो। बालिकाको परिवारले तनहुँ जिल्ला अदालत र नवलपुर जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको भन्दै उजुरी दिएका थिए। करणी गरेको ठहर गर्दै दुवै जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि असन्तुष्ट रहेका शाहले आदेश बदर गरिपाऊँ भनी चैत १५ गते उच्च अदालत पोखरा पुगेका थिए।

सोही मुद्दाको सुनुवाइ अघिल्लो बिहीबार थियो तर, उच्च अदालत पोखरा इजलास नं. १ मा दुई पटकसम्म सुनुवाइ रहे पनि शाहकै वकिलले मुद्दा स्थगित गराएका थिए। इजलास नं. ३ मा सुनुवाइ हुने भएपछि भने उनीहरू सुनुवाइका लागि तयार भएका हुन्। उपरजिस्टार तथा सूचना अधिकारी विष्णुप्रसाद आचार्यका अनुसार २०७८ चैतमा तनहुँ जिल्ला अदालतबाट भएको आदेश वेरितको नदेखिएकाले परिवर्तन गर्न नपर्ने भन्ने आदेश भएको हो।

## भन्सार जाँचपास भएको ट्याक्टर ४० लाखको सामानसहित प्रहरी नियन्त्रणमा

हरिहर नेपाल, विराटनगर

४० लाख मूल्य बराबरको अवैध सामानसहित विराटनगर भन्सार कार्यालयबाट जाँचपास भएको ट्याक्टर प्रहरीले नियन्त्रणमा लिएको छ। मोरङ विराटनगर महानगरपालिका-४ बाट बीआर ४४ जीबी २६२७ नम्बरको ट्याक्टर र सो ट्याक्टरमा रहेको सामान प्रहरीले नियन्त्रणमा लिएको हो।

भन्सार छली गरेको आशंकामा ४० लाख मूल्य बराबरको सामान बोकेको ट्याक्टर मोरङ प्रहरीले नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिएको ट्याक्टर प्रहरीले राजस्व कार्यालय इटहरी सुनसरीमा आवश्यक अनुसन्धानका लागि बुझाएको छ। विराटनगर महानगरपालिका-४ स्थित विराटनगर इटहरी सडक खण्डमा भारतीय नम्बर प्लेटको बीआर ३३ जीबी २६२७ नं. को ट्याक्टरमा मोटर पार्टस, छाला, नटबल्टु, मेसिन पार्टस र कपडालगायतको ४० लाख मूल्य बराबरको सामान राजस्व छली गरेको आंशकामा प्रहरीले ट्याक्टर बुधबार नियन्त्रणमा लिएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठले जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ५ मा)

## 'स्वास्थ्य बीमा कार्यक्रम निजी बीमा कम्पनीलाई दिनुहुन्न'

नेपाल समाचारपत्र, काठमाडौं

स्वास्थ्य बिमा कार्यक्रम निजी बिमा कम्पनीलाई दिने विषयमा पूर्व स्वास्थ्यमन्त्रीहरूले असहमति जनाएका छन्। स्वास्थ्य बिमाका विषयमा अर्थमन्त्री जनार्दन शर्माले अघि सार्नुभएको बजेट योजनामाथि प्रतिनिधिसभाको बिहीबारको बैठकमा भएको छलफलमा पूर्व स्वास्थ्यमन्त्रीहरूले यस्तो असहमति जनाएका हुन्। उनीहरूले स्वास्थ्य बिमा निजी बिमा कम्पनीलाई दिने विषयमा समर्थन गर्न नसकिने भन्दै निर्णयमा पुनरावलोकन गर्नुपर्ने बताएका छन्।

पूर्व स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले बिमा ऐन वर्तमान प्रधानमन्त्रीकै नेतृत्वको अघिल्लो सरकारले पारित गरेको जिकिर गर्दै भन्नुभयो-'अहिले आएर निजी कम्पनीलाई दिने भन्ने कुरा आएको छ, मैले कुनै पनि कोणबाट हेर्दा बुझ्न सकेको छैन। यो निर्णयलाई पुनरावलोकन गर्न आग्रह गर्दछु।' उहाँले स्वास्थ्य बिमा कार्यक्रम नाफा नोक्सानको कोणबाट नभई 'युनिभर्सल हेल्थ कभरेज'को अवधारणाबाट आएको भन्दै डब्लूएचओसँग गाँसिएर आएका कार्यक्रमसँगसमेत अहिलेको निर्णय मेल नखाने दाबी गर्नुभयो। उहाँले स्वास्थ्य बिमा सरकारले सामाजिक उत्तरदायित्वसँग गाँसेर ल्याएको र निजी क्षेत्रले ल्याएको बिमाजस्तो नभएकाले कम्पनीलाई दिनु नहुने स्पष्ट पार्नुभयो। पूर्व स्वास्थ्यमन्त्री पोखरेलले स्वास्थ्य बिमा कार्यक्रमको लाइन मिनिस्ट्री अर्थ मन्त्रालय नभई स्वास्थ्य मन्त्रालय नै रहनुपर्ने समेत जोड दिनुभयो।

अर्का पूर्व स्वास्थ्यमन्त्री खगराज अधिकारीले निजी बिमा कम्पनीबाट स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्न सम्भव नभएको बताउनुभयो। त्यसै गरी, पूर्व स्वास्थ्यमन्त्री गगन थापाले स्वास्थ्य बिमा कार्यक्रमको चर्को आलोचना गर्दै सामाजिक सुरक्षाका विषयमा नेपालले लिएको दृष्टिकोण नै शर्माले नबुझेको बताउनुभयो। उहाँले हरेक मन्त्रालयका आफ्नै कार्यक्रम र योजना हुने जिकिर गर्दै बजेटका सिलिङका विषयमा अर्थ मन्त्रालयले छलफल गर्न सक्ने भए पनि आधारभूत कार्यक्रम नै चलाउन भने नसक्ने बताउनुभयो।

## टौदहमा माछा छाड्न र दाना हाल्न प्रतिबन्ध

ईश्वरराज ढकाल, टौदह, कीर्तिपुर



काठमाडौंको कीर्तिपुरस्थित टौदह पोखरीका माछा मर्न थालेपछि सर्वसाधारणलाई एक साताका लागि पोखरीमा दाना हाल्न र माछा छाड्न प्रतिबन्ध लगाइएको छ। पोखरीमा शनिबारयता मात्रै करिब ३ सय माछा मरिसकेका छन्। पोखरीको क्षमताभन्दा बढी माछा हुनुका साथै मकै र अन्य वालीमा हालेको विषादीयुक्त पानी वर्षात्का कारण पोखरीमा पर्न गएकोले माछा मरेका हुन्।

श्री कर्कट नागराजारानी बासस्थान मानिएको टौदह समाजका अध्यक्ष जयराम कार्कीले बिहीबार नेपाल समाचारसँगको कुराकानीमा माछा मरेपछि केही दिनका लागि पोखरीमा दाना हाल्न र माछा छाड्न प्रतिबन्ध लगाइएको जानकारी दिनुभयो। समाजले माछाको दाना बेच्ने करिब एक दर्जन पसल र वरपरका किराना पसललाई समेत पत्र पठाएर एक सातासम्म दाना नबेच्न पनि आग्रह गरेको छ। पोखरीमा दाना हालेको र माछा छाडेको जानकारी पाएमा तत्काल कारबाही गर्ने सूचना जारी गरिएको छ।

विशेष गरी बौद्ध धर्माबलम्बीले आफ्नो र आफन्तको जन्मदिनमा यो पोखरीमा माछालाई दाना दिने र माछाका भुराहरू ल्याएर छाड्ने गर्दछन्। त्यति मात्रै होइन, पोखरीमा घुम्न आउने पर्यटकहरूले पनि रमाइलोका लागि माछालाई दाना खुवाउने गर्दछन्। माछाले आवश्यक्ताभन्दा बढी दाना खाएका कारणले पनि मरेको हुनसक्ने आशंका गर्दै एक सातालाई दाना बन्द गरिएको टौदह समाजले जनाएको छ। दुई दिनयता माछा मर्न रोकिएको जानकारी दिँदै अध्यक्ष कार्कीले भन्नुभयो- 'बढी दाना भएर र क्षमताभन्दा बढी माछा रहेकोले अक्सिजन नपुगेर माछा मरेका हुनसक्ने अनुमान गरेका छौं। त्यही भएर नै माछा छाड्न र दाना बेच्न प्रतिबन्ध लगाएका हौं।'

माछा मर्न थालेपछि चार दिनअघि मत्स्य विकास केन्द्रका विशेषज्ञ टोलीले अनुसन्धान गरेको थियो। टोलीले अक्सिजन कमी भएकै कारण टौदहका माछा मरेको निष्कर्ष निकालेको जानकारी दिँदै कार्कीले भन्नुभयो- 'विशेषज्ञ टोलीले विषादी मिसिएका कारण केही असर परे पनि मुख्यगरी अक्सिजनको कमी भएकै कारण माछा मरेको बताए।' उहाँका अनुसार पोखरीमा रहेका पुराना माछाभन्दा पनि पछिल्लो समय छाडिएका नयाँ माछाले अक्सिजन पाउन नसकेर मरेका हुन्।

(क्रमशः पृष्ठ ५ मा)

### विद्यालय पोसाकमा पोखरी घुम्न रोक

काठमाडौं, (नेस)

विद्यालय तथा कलेजको पढाइ छाडेर टौदह पोखरी घुम्न आउन रोक लागाइएको छ। खास गरी कक्षा ११ र १२ पढ्ने विद्यार्थी विद्यालयको पोसाकमै पोखरी घुम्न आउन थालेको गुनासो आएपछि समाजले विद्यालय पोसाकमा पोखरीमा नआउन आग्रह गरेको हो।

आग्रह गर्दा पनि अटेर गरेपछि समाजले विद्यार्थीलाई पोखरी प्रवेशमै रोक लगाइएको जानकारी दिँदै समाजका अध्यक्ष कार्कीले भन्नुभयो- 'स्थानीयको गुनासो र पोखरीभित्र अशोभनीय क्रियाकलाप हुन थालेपछि कक्षा बङ्क गरी पोखरी प्रवेश गर्न आउने विद्यार्थीलाई पोखरी प्रवेशमा रोक लगाइएको हो।'



त्यसै गरी पोखरीमा लामो समयसम्म बस्नेमाथि पनि निगरानी बढाइको छ। अध्यक्ष कार्कीका अनुसार पोखरी परिसरमा अनुचित गतिविधि बढ्न नदिन प्रहरीको सहयोगमा २४ सै घण्टा सुरक्षाको प्रबन्ध मिलाइएको छ। पोखरीलाई थप व्यवस्थित गर्न नयाँ योजना ल्याउन लागिएको जानकारी दिँदै उहाँले भन्नुभयो- 'पोखरीलाई सुन्दर बनाउन सबैको भूमिका महत्वपूर्ण ठानेका छौं।'

## चिकित्सा शिक्षामा शुल्क वृद्धि

काठमाडौं, (नेस)

नेपालको चिकित्सा शिक्षामा शुल्क वृद्धि भएको छ। चिकित्सा शिक्षा आयोगले स्नातक तहमा ३ दशमलव ६ प्रतिशतले शुल्क बढाउने निर्णय गरेको छ। चिकित्सा शिक्षा आयोगको मंगलबार बसेको नवौं बैठकले शुल्क बढाउने निर्णय गरेको हो। यो शैक्षिक सत्रमा एमबीबीएसको शुल्क उपत्यकाभित्र ४१ लाख ६८ हजार ८७ रुपियाँ र उपत्यकाबाहिर ४५ लाख ९५ हजार ७ सय २१ रुपियाँ पुगेको आयोगले जनाएको छ। बीडीएसको शुल्क २० लाख ९२ हजार २ सय ८४ रुपियाँ पुगेको छ।

त्यसै गरी बीएससी नर्सिङको लागि १० लाख ३६ हजार, बीएएमएसको ११ लाख ३१ हजार ९ सय ३३, बीएनएस एन्ड पीबीएनको ५ लाख १८ हजार, बीपीटी, एमएलटी, बीएससी, एमआईटी, बीएससी मेडिकल माईक्रोबायोलोजी बायोकेमेस्ट्रीको ७ लाख ७७ हजार र बी फर्मा बीपीएच बीओपीटीएम बीएएसएलएपीको ७ लाख ७७ हजार रुपियाँ शुल्क तिर्नुपर्ने आयोगले जनाएको छ।

# खाद्यान्नमा चर्को मूल्यवृद्धि

मोतीराम तिमल्सिना, काभ्रे

सर्वसाधारणको चुल्हो मूल्यवृद्धिका कारण महँगिँदै गएको छ। तीन महिनाको बीचमा पटक-पटक बढेको मूल्यले सर्वसाधारण संकटमा परेका छन्।


निरन्तर पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिका कारण खाद्यान्नमा पनि चर्को मूल्यवृद्धि भएको सर्वसाधारणको बुझाइ छ। सरकारले मूल्यवृद्धि नियन्त्रण गर्न नसक्दा महँगीको भ्याङ उकालो चढेको हो। काभ्रे उद्योग बाणिज्य संघले सार्वजनिक गरेको मूल्यसूचीका आधारमा मात्रै पनि बजार मूल्य उकालो चढेको पुष्टि हुन्छ। तीन महिनामा सर्वसाधारणले व्यहोर्न'परेको चर्को मूल्यवृद्धिमा सरोकारवाला निकाय मौन छन्। मूल्यवृद्धिलाई सरकारी निकाय र सत्तामा रहेका राजनीतिक दलहरूले युक्रेन र रुसको युद्धलाई दोष दिएर उम्किन खोजिरहेका छन्। २०७८ साल फागुन ५ गते काभ्रे उद्योग वाणिज्य संघले सार्वजनिक गरेको उपभोक्ता दर रेटअनुसार चामल बास्मती प्रतिकेजी १ सय ३५ रुपियाँ कायम गरेको थियो। २०७९ साल जेठ १३ गते सोही चामलको मूल्य बढेर १ सय ४५ पुगेको छ। बजेट भाषणपछि बजार झनै महँगो भएको सर्वसाधारणले बताएका छन्।

सरकारले तीन महिनाको बीचमा १० पटक मूल्यवृद्धि गरिसकेको छ। निर्वाचनलगत्तै १० दिनको अवधिमा पेट्रोलियम पदार्थमा २० रुपियाँ डिजेल, प्रेटोल र मट्टितेलमा मूल्य बढाको छ भने ग्याँसमा प्रतिसिलिन्डर २ सय रुपियाँ वृद्धि गरेको छ। छिट्टै मूल्यवृद्धि गर्ने गरी भएको तयारीले सर्वसाधारण अत्तालिएका छन्। लोकल पोखरेली चामल प्रतिकेजी १ सय १० रुपियाँबाट १ सय ५० पुगेको छ। चिउरा तराई टाइचिन ७० रुपियाँ प्रतिकेजीबाट ७५ पुगेको छ।

दाल मुसुरो ठूलो १ सय ६० रुपियाँ प्रतिकेजीबाट १ सय ६५ रुपियाँ पुगेको छ। रहर दाल १ सय ७५ बाट १ सय ८० पुगेको छ। उद्योग वाणिज्य संघले तोकेको भन्दा धेरै मूल्य तिर्न'परिरहेको सर्वसाधारणले बताएका छन्। मुगी खोस्टा दाल १ सय ५५ बाट १ सय ८५ पुगेको छ। गेडागुडीमा केरा सेतो १ सय १० रुपियाँबाट १ सय २५ पुगेको छ भने हरियो केराउ १ सय ४५ बाट १ सय ४० मा आएको छ। बोडी १ सय ५० बाट १ सय ७० पुगेको छ। राजमा सिमी १ सय ८० रुपियाँबाट २ सय रुपियाँ पुगेको छ। भटमास सेतो १ सय २० बाट २ सय रुपियाँ पुगेको छ। गेडागुडीमा प्रतिकेजी ८० रुपियाँसम्म महँगो भएको छ।

गेडागुडीपछि धेरै महँगो भएको मसला र तेलजन्य सामग्रीको मूल्य बढेको छ। भटमास तेल २ सय ४५ बाट ३ सय २५ रुपियाँ पुगेको छ। तोरीको तेल प्रतिलिटर २ सय ५० बाट ३ सय ४० पुगेको छ। सूर्यमुखी तेल २ सय ५५ बाट ३ सय ५० र वनस्पति घ्युको मूल्य २ सय ४० बाट ३ सय ५० पुगेको छ। मैदा ५५ बाट ६०, आटा ५५ बाट ७०, चिनी ९० बाट १ सय, जिरा ४ सय १० बाट ४ सय ८०, धनियाँ २ सय २० बाट २ सय ५० र मरिच ८ सय ५० बाट १ हजार रुपियाँ पुगेको छ। यसमा व्यवसायीहरूले स्थानअनुसार फरक-फरक मूल्य लिने गरेका छन्।

ढुवानीका कारण मूल्य फरक पर्न सक्ने संघले जानकारी गराएको छ। खाद्यान्नसँगै बजारमा निर्माण सामग्री, लत्ता कपडा र अन्य सामाग्रीको मूल्य बढेको व्यवसायीहरूले बताएका छन्।



काभ्रे उद्योग वाणिज्य संघ, बनेपा
उपभोक्ता दर रेट २०७९।०२।१३

| | क्र.सं | सामग्री | ईकाई | रुपैया |
|---|---|---|---|---|
| चामल | १. | बास्मती चामल | केजी | १४५।- |
| | २. | लोकल पोखरेली चामल | केजी | १५०।- |
| | ३. | जनरल सोना मंसुली चामल | केजी | ५५।- |
| | ४. | स्टीम जिरा चामल | केजी | ७५।- |
| | ५. | स्टीम सोना चामल | केजी | ६०।- |
| चिउरा | ६. | तराई टाईचिन चिउरा | केजी | ७५।- |
| दाल | ७. | मुसुरो दाल ठूलो | केजी | १६५।- |
| | ८. | मास दाल | केजी | १५०।- |
| | ९. | रहर दाल | केजी | १८०।- |
| | १०. | मुगी खोस्टा | केजी | १८५।- |
| गेडागुडी | ११. | सेतो केराउ | केजी | १२५।- |
| | १२. | सानो केराउ | केजी | १७०।- |
| | १३ | हरियो केराउ | केजी | १४०।- |
| | १४. | बोडी | केजी | १७०।- |
| | १५. | चना | केजी | ११५।- |
| | १६. | राजमा सिमी | केजी | २००।- |
| | १७. | भट्मास सेतो | केजी | २००।- |
| तेल | १८. | भट्मास तेल | लिटर | ३२५।- |
| | १९. | तोरी तेल | लिटर | ३४०।- |
| | २०. | सूर्यमुखी तेल | लिटर | ३५०।- |
| अन्य | २१. | बनस्पति घ्यू | केजी | ३५०।- |
| | २२. | आयो नुन | केजी | २०।- |
| | २३. | मैदा | केजी | ६०।- |
| | २४. | आटा | केजी | ७०।- |
| | २५. | चिनी | केजी | १००।- |
| | २६. | जिरा | केजी | ४८०।- |
| | २७. | धनिया | केजी | २५०।- |
| | २८. | मरिज | केजी | १०००।- |

काभ्रे जिल्लाको बनेपा, पनौती, धुलिखेलका मुख्य बजार बाहेक अन्य बजार र क्षेत्रमा माथिको दररेटमा ढुवानी भाडा जोडिनेछ । तर एम.आर.पी उल्लेख भएको सामानको दररेट सोही बमोजिम रहनेछ ।

काभ्रे उद्योग वाणिज्य संघ, बनेपा
उपभोक्ता दर रेट २०७८।११।०५

| | क्र.सं | सामग्री | ईकाई | रुपैया |
|---|---|---|---|---|
| चामल | १. | बास्मती चामल | केजी | १३५।- |
| | २. | लोकल पोखरेली चामल | केजी | ११०।- |
| | ३. | जनरल सोना मंसुली चामल | केजी | ५५।- |
| | ४. | स्टीम जिरा चामल | केजी | ७५।- |
| | ५. | स्टीम सोना चामल | केजी | ६०।- |
| चिउरा | ६. | तराई टाईचिन चिउरा | केजी | ७०।- |
| दाल | ७. | मुसुरो दाल ठूलो | केजी | १६०।- |
| | ८. | मास दाल | केजी | १५०।- |
| | ९. | रहर दाल | केजी | १७५।- |
| | १०. | मुगी खोस्टा | केजी | १५५।- |
| गेडागुडी | ११. | सेतो केराउ | केजी | ११०।- |
| | १२. | सानो केराउ | केजी | १७०।- |
| | १३ | हरियो केराउ | केजी | १४५।- |
| | १४. | बोडी | केजी | १५०।- |
| | १५. | चना | केजी | ११५।- |
| | १६. | राजमा सिमी | केजी | १८०।- |
| | १७. | भट्मास सेतो | केजी | १२०।- |
| तेल | १८. | भट्मास तेल | लिटर | २४५।- |
| | १९. | तोरी तेल | लिटर | २५०।- |
| | २०. | सूर्यमुखी तेल | लिटर | २५५।- |
| अन्य | २१. | बनस्पति घ्यू | केजी | २४०।- |
| | २२. | आयो नुन | केजी | २०।- |
| | २३. | मैदा/ आटा | केजी | ५५।- |
| | २४. | चिनी | केजी | ९०।- |
| | २५. | जिरा | केजी | ४१०।- |
| | २६. | धनिया | केजी | २२०।- |
| | २७. | मरिज | केजी | ८५०।- |

काभ्रे जिल्लाको बनेपा, पनौती, धुलिखेलका मुख्य बजार बाहेक अन्य बजार र क्षेत्रमा माथिको दररेटमा ढुवानी भाडा जोडिनेछ । तर एम.आर.पी उल्लेख भएको सामानको दररेट सोही बमोजिम रहनेछ ।

## बलात्कृत किशोरीको पेटमा ८ महिनाको बच्चा !

विनोदसिंह विष्ट, बैतडी

बैतडीमा बलात्कृत भएकी एक १६ वर्षीया किशोरीको पेटमा ८ महिनाको बच्चा रहेको पुष्टि भएको छ। मेलौली नगरपालिका घर भएकी किशोरीको पेटमा बच्चा रहेको पुष्टि भएको हो।

जिल्ला अस्पतालमा गरिएको मेडिकल रिपोर्टले ती किशोरी पेटमा ८ महिनाको बच्चा देखाएको बैतडीका प्रहरी प्रवक्ता प्रहरी निरीक्षक लोकराज जोशीले बताउनुभयो। किशोरीका आफन्तले ३ महिनाअघि बलात्कृत भएकी भन्दै जेठ १४ गते प्रहरीमा उजुरी दिएको थियो। बलात्कृत भएपछि पेटमा गर्भ रहेको भनेर उजुरी दिएपछि प्रहरीले मेडिकल गराएको हो। किशोरी गर्भवती भएको परिवारले ढिला थाहा पाएपछि प्रहरीलाई खबर गरेको थियो।

किशोरीमाथि गत फागुनमा जबर जस्ती करणी भएको भन्दै किशोरीकै भदा (दाइको छोरो) नाता पर्ने मेलौली-२ का २२ वर्षीय अशोकबहादुर चन्दको नाममा किटानी जाहेरी दिइएको छ। तर, पीडित किशोरीले भने आफूमाथि असोजमा नै जबरजस्ती करणी भएको बताएकी छन्। अशोकले किशोरीलाई पहिलोपटक असोजमा घरमै राति सुतिरहेका बेला मुख थुनेर जबरजस्ती गरेको त्यसको २ महिनापछि र फागुनमा पनि फेरि जबरजस्ती गरेको बताइएको छ। जबरजस्ती गरेको कुरा घरमा वा अन्य कसैलाई भने ज्यान मार्ने धम्की दिएकाले किशोरीले फागुनमा मात्रै जबरजस्ती गरेको भनेर बताएको घर-परिवारले बताएका छन्।

# पर्वतका सबै कार्यपालिकामा एमालेको बहुमत

नेपाल समाचारपत्र, पर्वत



पर्वतका सातवटै स्थानीय तहका कार्यपालिकामा नेकपा एमालेले जित निकालेको छ। सातमध्ये पाँच स्थानीय तहमा प्रमुख गुमाएको एमालेले कार्यपालिकामा भने बहुमत हासिल गरेको हो।

एमालेले पर्वतका ७ स्थानिय तहमध्ये दुई पालिकामा प्रमुख र पाँचमा उपप्रमुखसहित ३३ वडाध्यक्ष जितेको थियो। पर्वतमा दुई पालिकामा कार्यपालिका सदस्य पदमा एमालेका उम्मेदवार नै सर्वसम्मत भएपछि निर्वाचन भएको थिएन भने पाँचवटा पालिकामा भएको निर्वाचनमा पनि एमालेका सबै उम्मेदवार विजयी भएका थिए। उपमेयर मात्र जितेको कुस्मा नगरपालिकामा एमालेबाट दलित वा अल्पसंख्यकतर्फ शिवलाल सार्की, गोपाल विश्वकर्मा, लखन सुनार, खुल्ला महिलातर्फ दुर्गा कुमारी शर्मा, सविता विक, रीता कुमारी विक, सुधा गुरुङ र विन्दु कुमारी पौडेल निर्वाचित भएका निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

त्यस्तै, मेयर र उपमेयर हारेका फलेवास नगरपालिकामा महिलातर्फ दुर्गा शर्मा, भगवती पौडेल, सावित्रा शर्मा, सुनीता शर्मा, कला नेपाली र खुल्ला दलित तथा अल्पसंख्यक तर्फबाट नेत्र विश्वकर्मा, बाबुराम विश्वकर्मा, चन्द्रबहादुर नेपाली एमालेबाट कार्यपालिकामा निर्वाचित हुँदा एकल बहुमत भएको छ। पैंयु गाउँपालिकामा महिलातर्फ शर्मिला नेपाली, चन्द्रकला न्यौपाने, उमादेवी विक, मिठु क्षेत्री र दलित तथा अल्पसंख्यकतर्फ फूलमाया विक र बबिता हिताङ निर्वाचित भएका छन्।

महाशिला गाउँपालिकामा खुलातर्फ विष्णुराम विक, झलक नेपाली र महिला, दलित तथा अल्पसंख्यकतर्फ जयकली मल्ल, निरू नेपाली, हद्रमकुमारी पौडेल क्षेत्री र गीता विक निर्विरोध निर्वाचित भएका थिए।

यस्तै, जलजला गाउँपालिकामा खुलातर्फ बबी सुवेदी, मायाकुमारी भुसाल, सुनीता खत्री, विमला बरुवाल खत्री र दलित तथा अल्पसंख्यकमा भीमबहादुर दमै र भीमसेनबहादुर बराइली निर्वाचित भएका छन् भने मोदी गाउँपालिकामा महिलातर्फ लक्ष्मी विक, कृष्णकुमारी मल्ल, शान्ता आले र सन्तोषी विक तथा दलित तथा अल्पसंख्यकतर्फ रीता सुनार विक र डिलमाया नेपाली निर्वाचित भएको छन्। बिहादी गाउँपालिकामा महिलातर्फ माया विक र तुलसी सुनार तथा दलित तथा अल्पसंख्यकतर्फ यामकला नेपाली, कमलाकुमारी परियार, सविता गुरुङ, विष्णु भुसाल निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

जिल्लाका कुनै पनि पालिकाको कार्यपालिका निर्वाचनमा गठबन्धन उम्मेदवार जित्न सकेनन्। जिल्ला समन्वय समितिमा पनि गठबन्धन र एमालेका समान सात-सात जना मतदाता रहेका कारण सर्वसम्मत वा निर्वाचनमा जाँदा गोलाप्रथाबाट टुंगो लगाउनुपर्ने अवस्था छ।

# प्रश्न गरेर एमालेको चुनावी समीक्षा

नेपाल समाचारपत्र, हेटौंडा

वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनका सन्दर्भमा एमालेको वागमती प्रदेश कमिटीको समीक्षा बैठकले आफ्ना उम्मेदवाहरूलाई लिखित प्रश्न पठाएको छ। मंगलबार ललितपुरको च्यासलमा रहेको पार्टी कार्यालयमा भएको पदाधिकारी बैठकले जिल्ला कमिटी, सम्बन्धित स्थानीय तहका प्रमुख र उपप्रमुखका उम्मेदवार र प्रदेश कमिटीका सदस्यबाट व्यक्तिगतरूपमा पनि समीक्षाको प्रतिवेदन लिने निर्णय गरेको थियो।

यसपटकको स्थानीय तह निर्वाचनमा अपेक्षित सफलता हात नपरेपछि नेकपा एमाले वागमती प्रदेश कमिटीले सम्बन्धित उम्मेदवार, जिल्ला कमिटी, सम्बन्धित स्थानीय तहका प्रमुख र उपप्रमुख उम्मेदवार र प्रदेश कमिटीका सदस्यबाट व्यक्तिगतरूपमा चुनावको समीक्षा गर्ने निर्णय भएको वागमती प्रदेश कमिटीले जनाएको छ। तीनै प्रकारको समीक्षा प्रतिवेदनका लागि प्रदेश कमिटी अध्यक्ष केशवराज पाण्डेको हस्ताक्षरमा परिपत्र भइसकेको जानकारी दिइएको छ।

एमालेले जेठ २५ गतेभित्र समीक्षा प्रतिवेदन पठाउन अनुरोध गरेको छ। प्रदेश कमिटीले समीक्षा प्रतिवेदन तयारीका लागि प्रमुख र उपप्रमुखका उम्मेदवारका लागि ३, जिल्ला कमिटीका लागि ५ र प्रदेश कमिटीका सदस्यका लागि ६ प्रश्न गरेको छ। एमाले प्रदेश कमिटीले महानगरपालिका, उपमहानगर पालिका, नगरपालिका र गाउँपालिकामा पार्टीका तर्फबाट उम्मेदवार भएका प्रमुख र उपप्रमुखसँग ३ बुँदामा समीक्षा मागेको छ। जसमा जित वा हारका कारण मागेर सम्बन्धित उम्मेदवारलाई उनका कुरा राख्ने अवसर दिइएको छ।

प्रदेश कमिटीले जिल्ला कमिटीसँग ५ बुँदामा समीक्षा माग्दै निर्वाचन परिचालन योजनादेखि प्रदेशलाई दिने सुझावसम्म समेटिएको छ। पार्टीका प्रदेश संगठन कमिटीका सदस्यबाट पनि एमालेले सुझावसहित समीक्षा मागेको छ। प्रदेश कमिटीका सदस्यलाई एमालेले ७ प्रश्न गरेको छ। संघीय राजधानी रहेको वागमती प्रदेशमा यसपटकको स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेस पहिलो दल बन्यो। निर्वाचनमा कांग्रेसले प्रमुखमा ५८ पालिका जित्न सफल भयो। माओवादीले वागमती प्रदेशमा २६ पालिकामा प्रमुख जित्न सफल भएको थियो। एमाले तेस्रो स्थानमा रहँदै २६ पालिकामा सीमित भयो।

एमालेबाट विभाजन भएर बनेको नयाँ दल नेकपा (एकीकृत समाजवादी)ले ४ पालिकामा जित हात पार्न सफल भयो। पहिलोपटक निर्वाचनमा भाग लिएको एकीकृत समाजवादीले हेटौंडा उपमहानगरसहित अन्य २ पालिकामा प्रमुखमा जित हात पारेको छ।। वागमती प्रदेशमा राष्ट्रिय प्रजातन्त्र पार्टीले १ पालिका प्रमुख जित्यो भने नेपाल मजदुर किसान पार्टीले १ पालिका प्रमुख र उपप्रमुख जितेको छ। २०७४ सालको स्थानीय तह निर्वाचनमा एमाले पहिलो दल बनेको थियो। २०७४ को तथ्यांक हेर्दा एमालेलाई घाटा भएको छ भने कांग्रेस र माओवादीलाई नाफा भएको छ।

२०७४ को निर्वाचनमा ३५ तहमा जितेको कांग्रेसले यसपटक २२ थपेको छ। एमालेले ६४ पालिका जितेकोमा यसपटकको निर्वाचनमा ३८ पालिका गुमाएको छ। माओवादीले १७ पालिका जितेकोमा १० स्थानीय तह लाभ भएको छ।

Provincial Government
Ministry of Energy, Water Resources and Water Supply
**Water Resources and Irrigation Development Division Office**
Tanahun
Gandaki Province, Nepal

**Financial Bid Opening Notice**

**Date of Publication: 3rd June 2022 (2079/2/20)**

With reference to bids submitted for below mention contract (First Date of publication 7th April 2022(2078/12/24)) following bidders are the technically qualified bidders and it is requested to attend the opening of price bids on 10th June 2022 (2079/2/27) 13:00 Hrs. at WRIDDO Tanahun.

| S.N. | Contract No. | Description of the Work | Technically Qualified Bidders |
|---|---|---|---|
| 1 | NCB/WRIDDOT/Works/PKBSK/10/2078-79 | Construction of RCC Drain at Pahadkhola Basti Samrakshan Karya, Shuklagandaki-9 Tanahun. | 1. M/S Muktinath Nirman Sewa Pvt. Ltd., Pohara-7 Kaski. 2. M/S Harittara-Gaurab JV |
| 2 | NCB/WRIDDOT/Works/NTRP/11/2078-79 | Construction of Concrete Gravity Dam at Nareshwor Tal Reservoir Project. Vyas Tanahun | 1. M/S G.S. Engineering & Builders, Malepatan-5 Pokhara |

**Division Chief**

कीर्तिपुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
कीर्तिपुर, काठमाण्डौ

**बोलपत्र स्वीकृतीका लागि आशयको सूचना**

प्रकाशित मिति : २०७९/०२/२०

यस कीर्तिपुर नगरपालिकाको ठेक्का नं. KRM-25/2078/079 को चोभारमा खानेपानी ट्याङ्की निर्माण योजनाको लागि न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही Shiva Engineering Group Pvt. Ltd. ले सबैभन्दा घटि रकम रु २८,१०,३६३.७२ (मू.अ.कर वाहेक) कवोल गरेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) वमोजिम स्वीकृतीका लागि छनौट भएको हुँदा सोही ऐनको दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृतीका लागि आशयको सूचना प्रकाशित गरिएको छ ।

**कीर्तिपुर नगरपालिका**

**राष्ट्रिय आवास कम्पनी लिमिटेड**
केन्द्रिय कार्यालय, पुल्चोक, ललितपुर
सम्पर्क कार्यालय, बुद्धनगर काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशय पत्र जारी गरिएको सूचना**

यस कम्पनीको बोलपत्र आव्हान सम्बन्धी मिति २०७९/०१/१३ मा प्रकाशित सूचना को तपसिल बमोजिम योजना कार्यालय काभ्रे, श्रीखण्डपुर आवास तथा बजार क्षेत्रमा गरिने सडक ग्राभेल तथा ढल निमार्ण कार्यको बोलपत्र स्वीकृतीको लागि छनौट भएकाले कम्पनीको आर्थिक विनियमावली एवं सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम तथा दफा ४७ को प्रयोजनार्थ समेत सम्बन्धीत सबैको लागि यो आशय पत्र जारी गरिएको व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | स्वीकृतीको लागि छनौट भएको बोलपत्र दाता को नाम र ठेगाना | कामको विवरण | मु. अ. कर बाहेक कवोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १. | RAC/NCB/078/079 | श्री के.पि. कन्स्ट्रक्सन प्रा.लि., नयाँ बानेश्वर | सडक ग्रावेल तथा ढल निमार्ण कार्य | ९५,११,४३६/४० | |

Dakneshwori Municipality
**Office of Municipal Executive**
Pato, Saptari
Madhesh Province, Nepal

**Invitation for Sealed Quotation**

Date of Publication : 2079/02/20

1. Dakneshwori Municipality Office, Pato, Saptari Invites Sealed Quotation from Registered Suppliers For The Works as described below:

| S. No. | Project Name | Contract Identification No. | Estimated Amount with VAT | Bid Security | | Last Date and Time of purchase | Last date and Time of Submission |
|---|---|---|---|---|---|---|---|
| | | | | Amount NRs. | Validity | | |
| 1. | Supply & Delivery of various type of Medicine & Surgical Goods as Per SBD | 02/078/079/Medicine | 32,00,000 | 80,000 | 2079/05/20 | 2079.03.03 office hours | 2079.03.04 12:00 pm |

2. **Bid opening Date And Time: 2:00 PM On 2079.03.04**
3. Tender Document Fee : NRs : Rs. 3000 Three Thousand Only
4. Dharauti Account For Cash Deposit For Bid security : Global IME Bank Ltd. Pato Branch Sapari A/C No. E304010000006
5. The Purchaser Reserves The Right to accept or reject, **Wholly Or Party** any or all the Sealed Quotation withought assigning any reason, whatsoever.

Note: All The Details are mentioned in SBD. For Any information, Visit Dakneshwori Municipality Office, Pato, Saptari, Telephone No. **9817700647**

**Chief Administrative Office**

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**निजामती कर्मचारी अस्पताल**
मीनभवन, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति: २०७९/०२/२०

यस अस्पतालको तपसिल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्रहरुमध्ये तपसिल अनुसारका बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रसंग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको निमित्त समेत यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं | विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अङ्क |
|---|---|---|---|
| CSH/NCB/GB/20/2078/79 | Procurement of CRYO Generator Unit | श्री होपवेल हेल्थकेयर प्रा.लि. | रु.६३,८४,५००/- (मू.अ.कर सहित) |
| CSH/NCB/GB/18/2078/79 | Construction of Bone Densitometer (DEXA Scan Machine | श्री म्याक्स मेडिटेक सिष्टम प्रा.लि. | रु. ८९,८४,६३०/- (मू.अ.कर बाहेक) |

# बालबालिका यार्सा टिप्न हिंडेपछि विद्यालय सुनसान

वीरबहादुर बम, मुगु



गत आइतबारबाट मुगुम कार्मारोङ गाउँपालिकाका विभिन्न स्थानमा यार्सागुम्बा टिप्नका लागि वन क्षेत्र खुला गरिएपछि आसपासका एक दर्जनभन्दा बढी विद्यालय सुनसान बनेका छन्। सबै बालबालिका यार्सा संकलनमा गएपछि विद्यालय सुनसान बनेको हो।

उक्त गाउँपालिकाको मुगु, डोल्फु, ताखा, खारी, रिउस, पुवा, दाउरा, डोल्फु, माग्री र छायाँनाथ रारा नगरपालिकाको रोवा, रुगालगायत विद्यालय यतिखेर खालि भएको छ। ५ देखि १० कक्षासम्मका छात्रछात्रा सातु-सामल, खाजा बोकेर यार्सा संकलन गर्न पाटनतिर उक्लिएपछि पठनपाठन प्रभावित बनेको हो। केही स्कुलमा भने कक्षा १ देखि ४ सम्मका विद्यार्थी मात्र आउने गरेका छन्। कक्षा ५ देखि १० सम्म अध्ययनरत विद्यार्थी यार्सा टिप्न पाटन गएपछि पठनपाठन प्रभावित भएको बुद्ध माध्यमिक विद्यालयका प्रधानाध्यापक टीकाप्रसाद उपाध्यायले बताउनुभयो।

विद्यार्थी यार्सा संकलन गर्न उच्च हिमाली क्षेत्र पाटनतर्फ लागेपछि बुद्ध माध्यमिक विद्यालय, प्रभात माध्यमिक रोवासहित अन्य २६ वटा सामुदायिक विद्यालयको पढाइ पनि प्रभावित बनेको छ। भर्ना अभियान सकेर पढाइ शुरु हुनासाथ विद्यार्थी स्कुल छोडेर यार्सा संकलन गर्न पाटन हिँडेको उहाँको भनाइ छ। जेठ १५ गतेदेखि पाटन उक्लिएका विद्यार्थीहरू असार अन्त्यपछि मात्रै घर फर्किने र त्यसपछि मात्र पढाइ पुनः शुरु हुने अपेक्षा उपाध्यायको छ।

शिक्षकहरूका अनुसार हरेक वर्ष यार्सा टिप्ने मौसममा अधिकांश विद्यार्थी पढाइ छोडेरै यार्सा टिप्न पाटन जाने गर्छन्। यससँगै उनीहरूले पढाइ खर्च पनि आफैं जुटाउने गरेको शिक्षकहरू बताउँछन्। यसरी यार्सा टिप्न जाने विद्यार्थीले यार्सा बेचेर एक सिजनमा न्यूनतम ३० देखि ४५ हजार रुपियाँसम्म कमाउने गरेका छन्। यार्सा बेचेर कमाएको पैसाले उनीहरू कापी, कलम, जुत्ता, मोबाइललगायत सामग्री पनि किन्ने गरेका स्थानीय बताउँछन्। पछिल्लो एक दशकयता नै यस क्षेत्रका विद्यार्थी यार्सा टिप्न पाटन जाने गरेको मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङक्याप्ने लामाले बताउनुभयो। जसकारण यस क्षेत्रका स्कुल पनि यो सिजनमा एक महिनासम्म सुनसान हुने गरेको उहाँको भनाइ छ।

मुगुम कार्मारोङ गाउँपालिकाको रिमार, टाँके, कोइकी, ह्यामार लगायत स्थानमा पाइने बहुमूल्य जडीबुटी यार्सागुम्बा यहाँका विद्यार्थीको मात्रै नभएर उनीहरूका अभिभावकको पनि प्रमुख आयस्रोत बनेको छ। विगत २ वर्षदेखि कोभिडले यार्सा प्रबेशमा रोक लगाइएको थियो।

### हवल्दारको लेक लागेर मृत्यु

बहुमूल्य जडीबुटी अर्थात् जीवन बुटी यार्सागुम्बा संकलकको सुरक्षामा खटिएका सहायक प्रहरी हवल्दार राजबहादुर सिंहको लेक लागेर मृत्यु भएको छ। उनी मुगुको मुगमकार्मारोङ गाउँपालिका-२ ठूलोकोकी रिमार भन्ने ठाउँमा खटिएका थिए।

सिंहको स्वास्थ्यमा समस्या आएपछि नेपाली सेनाको हेलिकोप्टरमार्फत उपचारका लागि कोहलपुर मेडिकल कलेज ल्याइएको थियो। उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय मुगुका प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले बताउनुभयो। मृतक सिंह दैलेखको महाबु गाउँपालिका-४ स्थायी घर भई हाल कोहलपुर नगरपालिका-११ बाँके बस्दै आएका थिए। मृतक सिंह २०६७ सालमा प्रहरी जवान पदमा भर्ना भई जिल्ला प्रहरी कार्यालय मुगुमा कार्यरत थिए।

यार्सागुम्बा संकलकहरूको सुरक्षाका लागि सिंह पाटनतिर गएका थिए। ड्युटीकै क्रममा गत मंगलबार बिहानैदेखि टाउको दुख्ने र श्वास-प्रश्वासमा समस्या भएको उनले जानकारी दिएलगत्तै सेनाको हेलिकप्टोरमार्फत उनलाई कोहलपुर मेडिकल कलेज लगिएको थियो।

# छत्रकोटमा आइतबार पनि पठनपाठन हुने

गुल्मी, (नेस)




सरकारले आइतबार सार्वजनिक बिदा दिने निर्णय गरे पनि गुल्मीको छत्रकोट गाउँपालिकाले पालिकाभित्र रहेका सबै विद्यालय सञ्चालन गर्ने भएको छ। गाउँपालिकामा बसेको जनप्रतिनिधि कर्मचारी र प्रधानाध्यापकहरूको बैठकले उक्त निर्णय गरेको हो।

गाउँपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूमा आइतबार भौतिक उपस्थितिमै पठनपाठन हुने छत्रकोट गाउँपालिकाले जनाएको छ। विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस अर्थात् कोभिड-१९ का कारण लामो समय अस्तव्यस्त रहेको पठनपाठनलाई पुरानै लयमा फर्काउने उद्देश्यले आइतबार विद्यालय खोल्ने निर्णय गरिएको छत्रकोट गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डेले बताउनुभयो।

विद्यार्थी र अभिभावकको मनशाय बुझ्रैर आइतबार पनि नियमित विद्यालय सञ्चालन गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद पन्थी बताउनुहुन्छ। हप्तामा दुई दिन बिदा हुँदा विद्यार्थीको पढाइमा असर पर्ने र उनीहरू बिग्रने सम्भावना भएकाले पनि पहिले जस्तै आइतबार पनि विद्यालय खोल्ने निर्णय गरेको उहाँको कथन छ।

# अतिविपन्न र दलित विपन्नको निःशुल्क स्वास्थ्य बीमा

नेपाल समाचारपत्र, लमजुङ

लमजुङको बेंसीशहर नगरपालिकाले अतिविपन्न र दलित विपन्नको निःशुल्क स्वास्थ्य बीमा गरिदिने भएको छ।

समुदायका अतिविपन्न नागरिक र दलित समुदायका विपन्नलाई उपचारमा सहज बनाउने उद्देश्यले निःशुल्क स्वास्थ्य बीमा गर्ने निर्णय गरेको नगर प्रमुख गुमानसिंह अर्यालले बताउनुभयो। उहाँका अनुसार पाँच 'एम्पिएर'मा २० युनिटभन्दा कम विद्युत् खपत गर्ने विपन्न घर-परिवारलाई निःशुल्क विद्युत् उपलब्ध गराउने, ५० प्रतिशत अनुदानमा विद्युतीय चुल्हो वितरण गर्ने र आवास क्षेत्रका नांगो विद्युत् तारलाई प्लास्टिक कोटेड गराउने निर्णय गरेको छ।

साथै, विशेषज्ञ समूह गठन गर्ने, शतप्रतिशत घरधुरीहरूमा एकघर एक धारा पुऱ्याउने, ६० वर्षमाथिका एकल पुरुष, 'ग' वर्गका अपाङ्गता भएका नागरिकलाई सामाजिक सुरक्षाभत्ता दिने र हरेक बैठकमा अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाबारे समीक्षा गर्ने नगरप्रमुख अर्यालले बताउनुभयो।

'हामी सबैको रहर- सभ्य र समृद्ध बेंसीशहर' को नारालाई सार्थक बनाउन बेंसीशहर बजार क्षेत्रको कालोपत्रे सडक तत्काल मर्मत गर्ने, बेंसीशहर-२ का भकुण्डे शहरी स्वास्थ्य केन्द्रलाई जिल्ला अस्पतालको सेटलाइटका रूपमा विकास गर्दै काठमाडौं लगायतका शहरी क्षेत्रबाट विज्ञ चिकित्सकसँगको भर्चुअल स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने लगायतका निर्णय समेत गरेको छ।

बैठकले बाँकी ९ वटा वडालाई बालमैत्री वडा बनाउने गरी बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यहरू अघि बढाउने, निरपेक्ष गरिबीको रेखामुनि रहेका घर-परिवारको विवरण तयार गर्ने, कार्यालयको सेवालाई पारदर्शी र प्रविधिमैत्री बनाउन बैठकका निर्णय तत्कालै वडा कार्यालयहरूमा पठाउने र वैबसाइटमा राख्ने, फोहोरमैलाको प्रभावकारी व्यवस्थापन, बसपार्कको व्यवस्थापन तथा पार्किङ क्षेत्र निर्धारण गर्ने निर्णय गरेको र विभिन्न विषयगत समितिसमेत गठन गरेको छ। नगरप्रमुख अर्यालले वडाध्यक्ष र कार्यपालिकाका सदस्यहरूलाई नागरिकको मालिकका रूपमा नभई सेवकका रूपमा काम गर्न समेत निर्देशन दिनुभएको थियो।

त्यसै गरी, बेंसीशहरको ११औं नगरसभा आगामी असार १० गतेबाट शुरु गर्ने, त्योभन्दा अघि विषयगत समितिको बैठक बस्ने र नगरसभाबाट नीति, योजना तथा कार्यक्रम स्वीकृत असार २१ गतेभित्र गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत इमानाथ कँडेलले बताउनुभयो।

# वागमतीमा बजेटपछि नयाँ मुख्यमन्त्री !

रोशन पराजुली, हेटौंडा

नेपाली कांग्रेसका वागमती प्रदेश सभापति एवं संसदीय दलका नेता इन्द्रबहादुर बानियाँ वागमती प्रदेशको बजेट भाषणपछि मुख्यमन्त्री बन्ने भएका छन्। पाँच दलीय सत्ता गठबन्धनबीच यसअघिको 'सहमति' अनुसार उनी मुख्यमन्त्री बन्ने भएका हुन्।

सत्तारूढ पाँच दलीय गठबन्धनको सहमतिबमोजिम नेकपा (एकीकृत समाजवादी) ले नेतृत्व लिइरहेको प्रदेश सरकार दलहरूबीच भएको सम्झौताअनुसार पुनर्गठन हुन लागेको हो। यसबाट प्रदेशमा सत्ता कांग्रेसको हातमा पुग्ने र राजनीतिक समीकरण परिवर्तन हुने भएको छ। प्रदेशमा ११ कात्तिकमा राजेन्द्र पाण्डे मुख्यमन्त्री बन्नुअघि आर्थिक वर्ष २०७९/०८० को बजेट ल्याएपछि सरकारको नेतृत्व बानियाँलाई हस्तान्तरण गर्ने गरी लिखित सहमति भएको दाबी कांग्रसजनको छ। प्रदेश सरकारले असार १ गतेभित्र बजेट प्रदेशसभामा पेस गर्न'पर्ने हुन्छ।

बानियाँ यसअघि पनि मुख्यमन्त्री बन्ने होडमा हुनुहुन्थ्यो। नेकपा एमाले विभाजन भएर एकीकृत समाजवादी बनेपछि तत्कालीन मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य अल्पतमा पर्नुभएको थियो। त्यससँगै बानियाँको मुख्यमन्त्री बन्ने चर्चा थियो। तर, गठबन्धनको भागवण्डामा मुख्यमन्त्री एकीकृत



समाजवादीको भागमा परेको थियो। सोहीअनुसार पाण्डे मुख्यमन्त्री बन्नुभएको थियो।

समाजवादीको नेतृत्वमा स्थानीय तहको निर्वाचन सकेर प्रदेश सरकारको बजेट ल्याउने र त्यसपछि बजेट कार्यान्वयन गर्दै प्रदेशको चुनाव कांग्रेसको नेतृत्वमा गर्ने सहमति भएको स्रोतले बताएको छ। सोही सम्झौताअनुसार असार १ गते प्रदेश सरकारको बजेटपछि सरकार पुनर्गठन गर्दै कांग्रेसको नेतृत्वमा नयाँ सरकार बनाउने तयारी छ।

मुख्यमन्त्री पाण्डेले शुक्रबार प्रदेशसभामा कुरा गर्दै सरकार परिवर्तनबारे केन्द्रको निर्णय मानेर अघि बढ्ने बताउनुभएको थियो। बानियाँले भने सरकार परिवर्तन हुने विगतको सहमति कार्यान्वयन हुनुपर्ने बताउनुहुन्छ। उहाँले पहिला भएका सहमतिअनुसार नै गठबन्धन सरकार अगाडि बढ्ने बताउनुभयो। 'पहिला सम्झौता जुनरूपमा भएको हो, त्यही कार्यान्वयन हुनुपर्दछ। सम्झौताअनुसार गठबन्धन सरकार अगाडि बढ्छ', बानियाँले भन्नुभयो- राजनीतिमा सम्झौता, समभ्दारी र विश्वास हुन्छ। राजनीतिक संस्कारअनुसार गठबन्धनले सम्झौता पालना गर्छ।' उहाँले सम्झौता कार्यान्वयन नभए तत्कालीन नेपाल कम्युनिस्ट पार्टीमा केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'बीच भएको घटना दोहोरिने चेतावनीसमेत दिनुभयो।

मुख्यमन्त्री पाण्डेले पनि सरकार पुनर्गठन हुनसक्ने संकेत गर्नुभएको छ। उहाँले प्रदेशबाट आफूहरूले भनेर केही नहुने भन्दै केन्द्रको निर्णयअनुसार चल्ने प्रतिक्रिया दिनुभयो। असारमा प्रदेश सरकार पुनर्गठन हुन लागेको हो त भन्ने प्रश्नमा उहाँले भन्नुभयो- 'भएपछि तपाईंहरूले थाहा पाइहाल्नुहुन्छ नि। हामीले भनेरमात्र हुने होइन, केन्द्रबाट शीर्ष नेताहरूले जे भन्छन्, सोहीअनुसार हुने हो।'

प्रदेश कांग्रेस प्रवक्ता प्रभात तामाङले यसअघि सरकार गठन भएको बेला आधा कार्यकाल नेकपा (एकीकृत समाजवादी) ले र आधा कार्यकाल कांग्रेसले सरकार चलाउने सहमति भएको र सहमतिअनुसार आधा कार्यकाल एकीकृत समाजवादीबाट पाण्डेले सरकारको नेतृत्व गरिसकेको बताउनुभयो। उहाँले अब कांग्रेसले सरकारको नेतृत्व पाउनुपर्ने बताउनुभयो।

बानियाँको नेतृत्वमा सरकार पुनर्गठन गर्ने विषयमा सत्ताघटक माओवादीको पनि समर्थन छ। माओवादी संसदीय दलका नेता शालिकराम जम्कट्टेल सम्झौताअनुसार असारमा बानियाँको नेतृत्वमा सरकार बन्नुपर्ने पक्षमा उभिएको दाबी गरिएको छ।

एमाले विभाजनपछि कात्तिक ११ गते वागमती प्रदेशमा गठबन्धनको सरकार बनेको थियो। पार्टी विभाजन भएर एकीकृत समाजवादी बनेपछि अल्पमतमा परेको एमाले कात्तिक १० गते ४ वर्षपछि प्रदेश सरकारको नेतृत्वबाट बाहिरिएको थियो।

एमाले प्रदेश सरकारबाट बाहिरिएपछि एमालेबाट फुटेर बनेको नेकपा (एकीकृत समाजवादी)को नेतृत्वमा वागमतीमा गठबन्धनको सरकार बनेको थियो। प्रदेशमा गठबन्धनको सरकार बनाउँदा समाजवादी र कांग्रेसले नेतृत्वमा दाबी गरेका थिए।

प्रदेशसभामा हाल १ सय ९ सांसद छन्। जसमध्ये सत्ता गठबन्धनमा रहेका माओवादी का २३, कांग्रेसका २२, एकीकृत समाजवादीका १३ र जनता समाजवादी पार्टीका १ सांसद छन्। एमालेका ४३ सांसद, विवेकशील साझाका ३, नेपाल किसान मजदुर पार्टी र राप्रपाका १-१ सांसद रहेकामा प्रदेशमा सरकार गठन गर्न ५५ सांसदको समर्थन चाहिन्छ।

# प्रदेश-१ को नामकरणमा सकस

## एक-अर्कालाई दोष लगाएर पन्छिन खोज्दै प्रमुख दल

हरिहर नेपाल, विराटनगर

एक नम्बर प्रदेशसभाको ५ वर्षे कार्यकाल सकिनैलाग्दा पनि प्रदेशले अझै नाम पाउन सकेको छैन। नामका विषयमा सहमति नजुट्दा दलहरूले एक-अर्कालाई दोष थुपार्न थालेका छन्।

प्रदेशसभाको बजेट अधिवेशनमा पुनः प्रदेश नामकरणको बहस शुरू भएको छ तर नामको टुंगो लगाउन के गर्ने भन्नेबारे अझै टुंगो लगिसकेको छैन। प्रदेश सभामै बहालवाला र निवर्तमान मुख्यमन्त्रीबीच प्रदेशको नामकरणको विषयलाई लिएर जुहारी नै चलेको छ। मुख्यमन्त्री राजेन्द्रकुमार राई र निवर्तमान मुख्यमन्त्री भीमप्रसाद आचार्यले एक-अर्कालाई दोषी देखाउने प्रयास गरेका छन्। सरकार बाहिर हुँदा 'आजभोलि नै प्रदेशको नाम राख्छौं' भनेर फुइँ लगाउनेहरू अहिले आएर चुपचाप बसेको आरोप उहाँले लगाउनुभएको छ।

'प्रदेशको नामकरण भइहाल्ने, राखिहाल्छौं भनेर फुइँ लगाइयो तर होइन रहेछ।' -प्रदेश सभाको दशौं तथा बजेट अधिवेशनको शुरूमा बोल्दै नेकपा एमाले संसदीय दलका नेता भीम आचार्यले भन्नुभयो। प्रदेशसभाको कार्यकाल सकिन केही महिना मात्रै बाँकी छ। प्रदेशको नामकरण गर्न नसकेकोमा सांसदहरूलाई 'ग्लानि' महसुस भएको दशौं अधिवेशन उद्घाटनको क्रममा देखिएको छ। तर, नामकरण गर्न नसकेका दलका नेताहरूले एक-अर्कालाई दोष लगाएर आफू पन्छिने प्रयास गरिरहेका छन्।

५ वर्षे कार्यकालमा साढे ३ वर्ष सरकार सञ्चालन गरेको एमालेले नामकरणको विषयमा खासै चासो नै दिएन। एमालेका २ जना मुख्यमन्त्री बने। एमालेका शेरधन राई र भीमप्रसाद आचार्य मुख्यमन्त्री बने पनि नामकरणको विषयमा ठोस कदम चाल्न सकेनन्। राजधानीको टुंगो लागे पनि १० वटा अधिवेशनसम्म आइपुग्दा पनि नामकरण चर्चामै सीमित हुने देखिन्छ। एमाले संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री भीम आचार्यले आषनो पार्टीको भन्दा सरकारको दायित्व रहेको भन्दै पन्छिन खोज्नुभएको छ। 'प्रदेशको नामकरणको पहल सरकारले नै गर्ने हो, आजै गर्छौं, भोलि गर्छौं जस्तो गरेर नयाँ सरकारले फाइँफुइँ लगाएको थियो', उहाँले भन्नुभयो- 'प्रदेश सरकारको इज्जत जोगिने भयो भनेको त होइन रहेछ।' चर्का कुरा गर्नेहरूले नाम राख्न नसकेको भन्दै उहाँले राजेन्द्र राई नेतृत्वको सरकार असफल भएको प्रतिक्रिया दिनुभयो।

यता, मुख्यमन्त्री राजेन्द्रकुमार राईले सरकारले पहलकदमी लिन खोजेको तर एमालेले चासो नदिएका कारण सम्भव नभएको बताउनुभएको छ। संसद्को ठूलो दल एमाले उदासीन भएका कारण नाम राख्न नसकेको उहाँको आरोप छ। 'एमालेकै माननीय रहेको समिति बनाउँ। एमालेले नै पहल गरोस्। कांग्रेसले पनि गरोस्। सकेसम्म सहमतिमा गरौं। नभए प्रक्रियामा गएर टुंगोमा पुगौं', राई भन्नुहुन्छ- 'सरकारले पहल गरिरहेकाले एमालेले साथ दिए नाम टुंग्याउन समय लाग्दैन।'

त्यसै, नेकपा माओवादी केन्द्रका सांसद धिरेन्द्र शर्मा यो अधिवेशन हाम्रा लागि अन्तिम भएकाले सबै मिलेर प्रदेशको नाम राख्नुपर्ने बताउनुभयो। कांग्रेसका प्रमुख सचेतक सूयर्माराज राईले भने नामकरणको विषयमा पक्ष-विपक्ष भन्दा पनि मिलेर टुंगो लगाउनुपर्नेमा जोड दिनुभएको छ।

१ नम्बर प्रदेशमा ९० सांसद छन्। सत्ता गठबन्धनसँग ५० सांसद मात्रै छन् भने एमालेसँग एक्लै ४० सांसद छन्। प्रदेशसभाका आदिवासी जनजाति सदस्यहरू जातीय पहिचानका आधारमा प्रदेशको नामकरण हुनुपर्ने पक्षमा छन् भने खस, आर्य, मधेसीलगायत सदस्य भौगोलिक र सांस्कृतिक पहिचानको पक्षमा देखिएका छन्।

सांसदहरू यसरी विभाजित हुँदा कुनै पनि पक्षमा दुई तिहाइ बहुमत पुग्ने देखिँदैन। नामकरण गर्नका लागि दुई तिहाइ मत चाहिने प्रावधान छ।

# अधिकृतको सेवाकालीन तालिम अब प्रदेशमै

नेपाल समाचारपत्र, कास्की




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृत कर्मचारीका लागि सेवाकालीन तालिम पाठ्यक्रम तयार पारी प्रदेशमै तालिम दिने भएको छ। उक्त पाठ्यक्रम प्रशिक्षण परिषद्को चौथो बैठकले पारित गरेको हो।

परिषद् अध्यक्षसमेत रहेका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको अध्यक्षतामा बसेको बैठकले पाठ्यक्रम स्वीकृत गरेको थियो। सहायकस्तरका लागि तालिम सञ्चालन हुँदै आए पनि अधिकृत तहका लागि भने प्रदेशमा पहिलोपटक पाठ्यक्रम तयार भएको हो। प्रतिष्ठानले तयार पारेको स्थानीय आर्थिक विकास प्रशिक्षण सामग्री पनि मुख्यमन्त्री पोखरेलले विमोचन गर्नुभएको छ। प्रदेश र स्थानीय तहका कर्मचारी अनि निर्वाचित जनप्रतिनिधिलाई आवश्यक तालिम, अभिमुखीकरण गराउने लगायत उद्देश्यबाट गठित प्रतिष्ठानले सम्पादन गर्दै आएका कार्य प्रभावकारी भएको मुख्यमन्त्री पोखरेलले बताउनुभयो।

सरकारको काम-कारवाहीलाई प्रभावकारी बनाउने जिम्मा कर्मचारी प्रशासनको भएकाले उनीहरूलाई चुस्त र सबल बनाउन नियमित प्रशिक्षण जरुरी रहेको उहाँको भनाइ थियो। जिम्मेवारीमा आएका कर्मचारीको वृत्ति विकासका लागि समेत तालिम जरुरत रहेको थियो।

संघीयतालाई मजबुत बनाउने नागरिकका अपेक्षा पूरा गर्न प्रदेश सरकार लागिपरेको भन्दै पोखरेलले स्थानीय तहसँगको समन्वयमा अझ प्रभावकारी काम गर्न सकिने बताउनुभएको छ। सातवटै प्रदेशमध्ये गण्डकीले पहिलोपटक अधिकृतका लागि सेवाकालीन तालिम पाठ्यक्रम तयार पारेको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत यसलाई अनुमति दिइसकेको उहाँको कथन छ।

प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले प्रदेश र स्थानीय तहका विभिन्न सेवामा कार्यरत संघीय निजामती सेवाका राजपत्रांकित तृतीय श्रेणी तथा प्रदेश निजामती र स्थानीय सेवाका छैटौं, सातौं र आठौं तहका अधिकृतका लागि सेवाकालीन तालिम सञ्चालनका लागि पाठ्यक्रम तयार पारिएको बताउनुभयो। 'पाठ्यक्रममा व्यक्तित्व विकास, कौशल, नेतृत्व र प्रबन्धकीय सीप, अनुसन्धान र नवीनतम ज्ञानका साथै संघ प्रदेश र स्थानीय तहमा निर्वाह गर्न'पर्ने जिम्मेवारी र भूमिकासँग सम्बन्धित विषयवस्तु समावेश छन्।' -उहाँ भन्नुहुन्छ।

कार्यकारी निर्देशक पाण्डेले स्थानीय आर्थिक विकास, स्थानीय तहको प्रमुख प्राथमिकताको विषय रहेको र सो कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन व्यावहारिक प्रशिक्षणको आवश्यकता रहेकाले प्रशिक्षकका लागि सहयोगी सामग्री तयार पारिएको जानकारी दिनुभयो। प्रतिष्ठानले हालसम्म गरेका कार्यप्रगतिका बारेमा समेत बैठकमा उहाँले जानकारी गराएउनुभएको थियो।

बैठकमा प्रदेशका नीति तथा योजना आयोग उपाध्यक्ष डा. रघुराज काषले, प्रमुख सचिव रविलाल पन्थ, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, मन्त्रालयका सचिवहरू, गण्डकी विश्वविद्यालयका उपकुलपति, परिषद सदस्यहरू सहभागी थिए।

## सम्पादकीय

# विमानको बाटो

नेपाल नागरिक उडड्यन प्राधिकरणले उडान गर्ने र पुग्ने गन्तव्य स्थल मात्र नभई हवाई मार्ग (इनरुट) को मौसम समेत सफा नभई आन्तरिक उडानका लागि अनुमति नदिने भएको छ। इनरुटको मौसम सफा नभएपनि उडानको अनुमति दिने गरिएकोमा अब त्यसो गरिन्न भन्ने भनाइ नेपाल नागरिक उडड्यन प्राधिकरणको छ। हालै भएको तारा एअरको विमान दुर्घटनाबाट पाठ सिकेर त्रुटि सच्याउने हिसावले गरिएको यस निर्णयको सराहना नै भएको छ। इनरुट भन्नाले विमान उड्ने स्थान, विमान पुग्ने गन्तव्य र उडानको बाटोसमेतलाई जनाउने र यी सबैको रिपोर्ट संकलन गर्दागर्दै अधिक समय जाने भएका कारण यो नियम व्यावहारिक छैन भन्नेहरू पनि देखिएका छन्।

यस नियमलाई भिएफआर (भिजुअल फ्लाइट रुल्स) भनिन्छ र सुरक्षाका दृष्टिले यसलाई आवश्यक पनि मानिन्छ। त्यस्तै, भिएफआर भन्नाले आँखाले हेरेर मार्ग प्रष्ट भएपछि विमान उडाउने र ल्याण्ड गर्ने विधि भन्ने बुझिन्छ। यो नियम भिएफआर विधिबाट उडान भर्ने विमान कम्पनी, विमानस्थलमा मात्रै लागु हुनेछ। आइएफआर सिस्टम जडान भएको विमान र विमानस्थललाई यो नियम लागु हुनेछैन भनिएको छ। तर त्यसका लागि पहिले विमानमा आइएफआर हुनुपर्‍यो, विमानस्थलमा पनि यो जडान गरिनुपर्‍यो र विमानचालक यो सिस्टम चलाउन दक्ष हुनुपर्‍यो। त्यस अवस्थामा उनीहरूले इनरुट मौसम सफा नभएपनि उडान अनुमति पाउनेछन्। नत्र भने उनीहरू उड्ने स्थान, पुग्ने स्थान र जाने बाटोको पनि मौसम सफा भएको यकिन भएपछि मात्रै प्राधिकरणले उडान अनुमति दिनेछ। गत आइतबार तारा एयरको हवाईजहाज इनरुट मौसमको खराबीका कारण दुर्घटनाग्रस्त भएको बताइएको छ। दुर्घटनास्थलमा उद्धारका लागि खटिएको नेपाल राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक संघको टोलीले कडा मेहनत गरेर विमान दुर्घटना भएको विकट स्थानबाट २२ जनाको लाश संकलन गर्न सघायो। यस दुर्घटनामा ज्यान गुमाएका सबैको शव काठमाडौं ल्याई पोष्टमार्टम गर्न र परिवारका सदस्यलाई जिम्मा लगाउन सम्भव भयो। दुर्घटनाग्रस्त तारा एयरको नाइन एन एईटी विमान हराएको १९ घण्टापछि सोमबार बिहान थासाङ गाउँपालिका–२ को सानोसरे भन्ने स्थानमा भेटिएको थियो। दुर्घटनाको खबर सुनेपछि शोकाकूल बनेका परिवारजनलाई छिटोभन्दा छिटो आफन्तको लाश जिम्मा लगाउनु सम्बन्धित निकायका जिम्मेवारी र कर्तव्य हुनआउँछ। अन्तिम संस्कार नगरी खानसम्म नहुने धार्मिक संस्कारका कारण उद्धारका गतिविधिहरू अत्यन्त महत्वपूर्ण हुन्छन्।

नेपालको भूबनोटमा आवागमनका लागि हवाइ सेवा प्राथमिकताको विषय बन्दैआएको छ। सडक सञ्जालले सबै ७७ जिल्लाका सदरमुकामसम्म पनि जोड्न नसकिरहेका बेला दुर्गम स्थानका गाउँ–बस्तीसम्म गाडीको पहुँच हुने सम्भावना रहेन। भएका सडक पनि हतारमा खनिएका र पहिरो तथा भेलबाढीको शिकार भइरहने अवस्थाका छन्। यस्तो यथार्थलाई चिर्नसक्ने विकल्प भनेको हवाइ उडान नै हो। तर, हतारमा उडान गर्नु कुनै पनि अर्थमा स्वीकार्य छैन। ढिलो गए अवश्य पुगिन्छ, हतार गरे भन्नसकिन्न भन्ने वाणीलाई स्वीकार गर्दै 'इनरुट' नियम कडाइका साथ लागु हुनुपर्छ।

# अनुभवको महत्त्व



प्रेम रावत

> हामीले ज्ञान प्राप्त गर्‍यौं तर आफूले आफैंलाई चिन्ने ज्ञानलाई हासिल गरेनौं भने सबै कुरा अधुरै रहनेछन्। यदि हामीले हरेक चीजका बारेमा अनुभव गरेर अघि बढ्यौं भने यस जीवनमा वास्तविक सुख र शान्ति प्राप्त हुनेछ। तर, आँखा बन्द गरेर हिँड्यौं भने कतै न कतै गएर ठोकिनु पर्नेछ।

हामीले ज्ञान प्राप्त गर्‍यौं तर आफूले आफैंलाई चिन्ने ज्ञानलाई हासिल गरेनौं भने सबै कुरा अधुरै रहनेछन्। यदि हामीले हरेक चीजका बारेमा अनुभव गरेर अघि बढ्यौं भने यस जीवनमा वास्तविक सुख र शान्ति प्राप्त हुनेछ। तर, आँखा बन्द गरेर हिँड्यौं भने कतै न कतै गएर ठोकिनु पर्नेछ।

जीवनमा सबैभन्दा आवश्यक कुरा अनुभव हो। अनुभवबिना सबै कुराहरू अपूरा हुन्छन्। हामीले खोजिरहेको चीजलाई आफ्नो मन-बुद्धिले बुझ्ने कोसिस गर्दछौं। त्यो चीजलाई मन या विचारद्वारा बुझ्न सकिँदैन। किनभने, त्यो अनुभव गर्ने कुरा हो। सृष्टिकर्ताले मानिसलाई 'अनुभव' गर्ने सबैभन्दा उत्कृष्ट गुण दिएका छन्। मानिसलाई अनुभव भएपछि प्रश्नको सहारा लिन आवश्यक हुँदैन। उसका सबै प्रश्नहरू सकिन्छन्। त्यसपछि कुरा स्पष्ट हुन्छ। तपाईंको जीवनमा पनि त्यो कुरा स्पष्ट हुनुपर्दछ। यदि तपाईंमा प्रश्न छन् तर उत्तर छैन भने तपाईंले कुनै चिजलाई प्राप्त गर्नुभएको छैन। त्यो चिज प्राप्त भएपछि त्यस दिन तपाईंका सबै प्रश्नहरू केही नगरी उत्तरमा परिणत हुनेछन्।

जस्तै : तपाईंलाई भोक लागेपछि तपाईंले केही खाने कुरा छ भनेर सोध्दा मैले खाने कुराका बारेमा भन्न थालें भने तपाईंको मुखमा पानी त अवश्य आउला तर तपाईंको भोक कदापि मेटिँदैन। भोक त केही खाएपछि मात्रै मेटिनेछ। त्यसै गरी जुन तपाईंभित्रको शान्ति छ त्यो परिभाषाको विषय होइन। शान्ति त अनुभूत गर्ने कुरा हो। त्यसलाई अनुभव गर्नु आवश्यक हुन्छ। मानिसले आफ्नो जीवनमा शान्तिको अनुभव नगरेसम्म उसका लागि हरेक चीज अधुरो रहनेछ।

एउटा कथा छ। एकजना मानिस थिए। उनलाई सुगा पाल्ने एकदमै धेरै सोख थियो। उनले तीनवटा स-साना सुगाका बच्चा (चल्ला) किनेर ल्याए। बाल्यावस्थादेखि नै ती सुगालाई उनले सबै कुरा सिकाउने कोसिस गरे। शास्त्र सिकाए, गणित पढाए, विज्ञानमा सबै कुरा सिकाए। राम्रा-राम्रा कुराहरू सिकाए।

ती सुगा ठूला भएपछि सबै कुराहरू बताउन थाले। कसैले विज्ञानका कुरा गर्न थाले, कसैले गणितका कुरामा चर्चा गर्थे त कसैले शास्त्रका कुरा भन्न थाले। ती सुगा महाज्ञानी बने। एक दिन ती सुगाका मालिकको मृत्यु भयो। उनका आफन्तहरू भेला भए। उनको अन्तिम संस्कारपश्चात् ती सुगालाई कहाँ राख्ने भनेर आफन्तहरूले छलफल गरे। हेरचाह कसले गर्ने ? निकै सोच-विचार गरेपछि उनीहरूले ती सुगालाई स्वतन्त्र छोडिदिने निर्णय गरे। उनीहरूले पिँजडाको ढोको खोलिदिए। ती सुगा पहिलोपटक पिँजडाबाट बाहिर निस्किए। तिनीहरूलाई अब के गर्ने भन्ने अन्योल भयो। तिनीहरू गएर एउटा रूखमा बसे। यताउता हेरे अनि फेरि ज्ञानका विषयमा चर्चा परिचर्चा गर्न थाले।

त्यो रूखमा एउटा जङ्गली सुगा पहिल्यै आएर बसेको थियो। ती तीनओटैलाई देखेपछि उसले सोध्यो, 'साथीहरू, तपाईंहरू को हुनुहुन्छ ?'

तिनीहरूले भने- 'हजुर, हामी विद्वान् हौं। केही सोध्न चाहनुहुन्छ भने सोध्नुहोस्। हामीलाई सबै कुराको ज्ञान छ।'

जङ्गली सुगा एकदमै अचम्मित भयो। उसलाई त केही कुराका बारेमा ज्ञान थिएन, के सोध्थ्यो र ! ऊ चुपचाप बस्यो।

केही बेरपछि अचानक जङ्गली सुगाको नजर रूखको फेदतिर पुग्यो। उसले देख्यो.., एउटा बिरालो फेदबाट माथितिर त्यही रूखमा चढिरहेको छ।

जङ्गली सुगाले ती तीन ओटैसँग सोध्यो, 'के तपाईंहरूलाई उड्ने ज्ञान पनि छ ?'

तिनीहरूले भने, 'उड्ने ज्ञान ? हामीलाई उडान कसरी भर्ने भन्ने ज्ञान छ। तर, हामी कहिल्यै आफ्नो जीवनमा उडेका छैनौं। कसरी उड्नुपर्छ त्यसका बारेमा हामीलाई ज्ञान छ। हामीसँग सोध्नुहोस्, 'गणितमा कुन सूत्र हुन्छ ? हामी तपाईंलाई बताउनका लागि तयार छौं- कहिलेदेखि उडान भरिएको हो। राइट ब्रदर्स (दाजुभाइ) का बारेमा सोध्नुहोस्। उनीहरूले सबैभन्दा पहिला हवाइजहाज बनाए। ती सबै कुरा हामीलाई थाहा छ।'

त्यो सुगाले फेरि भन्यो, 'यी सबै कुराका बारेमा मैले सोधिरहेको होइन। म त के सोध्दै छु भने तपाईंहरूलाई उड्न आउँछ कि आउँदैन ?'

तिनीहरूले भने, 'उड्न त जान्दैनौं। यसले के फरक पर्छ र ? हामीलाई कसरी उडिन्छ भन्ने बारेमा ज्ञान छ। पन्छीले आफ्नो पखेटालाई हावामा तल-माथि गर्दा माथि कम प्रेसर अनि तल बढी प्रेसर भएपछि पन्छी उड्न थाल्छ। हामी कहिल्यै उडेका छैनौं तर हामीलाई सबै कुराको ज्ञान छ।'

बिस्तारै-बिस्तारै त्यो बिरालो अझै नजिक आइरहेको देखेपछि जङ्गली सुगाले भन्यो - 'तपाईंहरूसँग यी धेरै कुराको ज्ञान रहेछ यो त राम्रो कुरा हो। तर, यदि उड्न सक्ने ज्ञान छैन भने तपाईंहरूलाई त आपतै पर्नेछ।'

यति भनेर त्यो सुगा भुर्र उडेर गयो। ती सुगाहरू एक-आपसमा कुरा गर्न थाले। यत्तिकैमा उताबाट बिरालो आएर तीनैवटालाई मारेर खाइदियो।

हामी मानिससँग पनि यस्तै हुन्छ। अन्य सबै कुराका बारेमा त हामीले ज्ञान प्राप्त गर्‍यौं तर आफूले आफैंलाई चिन्ने ज्ञानलाई हासिल गरेनौं भने सबै कुरा अधुरै रहनेछन्। यदि हामीले हरेक चीजका बारेमा अनुभव गरेर अघि बढ्यौं भने यस जीवनमा वास्तविक सुख र शान्ति प्राप्त हुनेछ। तर, आँखा बन्द गरेर हिँड्यौं भने कतै न कतै गएर ठोकिनु पर्नेछ।

आज हामी रहेको युगमा ज्ञानको अभाव छैन। तर, जीवनमा अत्यावश्यक चीजका लागि हामीले जान्नु जरुरी छ। अनि त्यो चीजलाई वास्तविक बनाउनका लागि अनुभव गर्नु आवश्यक छ जसले गर्दा त्यसलाई हामीले आफ्नो जीवनमा व्यावहारिक रूपमा लागु गर्न सकौं।

धेरै समय पहिलाको कुरा हो। एक जना राजा थिए। एक जना व्यक्ति उनको दरबारमा आँप बोकेर आए। ती राजाले जीवनमा कहिल्यै आँप खाएका थिएनन्। त्यसकारण उनले सोधे- 'यो के हो ?'

आँप ल्याउने मानिसले भने- 'महाराज ! यो आँप हो। यो एकदमै मीठो फल हो। तपाईं यसलाई खाएर हेर्नुहोस्।'

राजाले भने, 'म खाँदिन। मेरो दरबारका सबै बासिन्दालाई खुवाउनुहोस्। यिनीहरूले खाएपछि मलाई यो आँप कस्तो हुन्छ भनेर बताऊन्।'

एक जनाले खाएपछि भने- 'महाराज! यो एकदमै मीठो छ।'

राजाले भने, 'मैले अझै यो आँप के हो भनेर बुझेको छैन।'

उनले आफ्नो प्रधानमन्त्रीलाई दिएर भने- 'तिमी खाऊ।' उनले पनि खाएपछि भने, 'महाराज ! यो त निकै मीठो छ। यो नरम पनि छ। मीठो छ अनि यो रसिलो पनि छ।'

राजाले भने, 'मैले अझै पनि यो आँप के हो भनेर बुझिन।'

त्यो दरबारमा भएका मध्ये एक जना विद्वान्को हातमा पनि त्यो आँप पर्‍यो। उनले आफूले खानुको साटो सीधा राजाकहाँ लगेर भने, 'महाराज! यसलाई हजुर स्वयम् खानुहोस्। हजुरले नखाएसम्म अरूले खाएर यो चीज कस्तो हो भनेर तपाईंलाई केही अनुभव हुनेछैन। यो त व्यक्तिगत अनुभवको कुरा हो।'

राजाले त्यो आँप खाएपश्चात् भने, 'ओहो ! आँप कस्तो चीज हो भनेर त बल्ल पो बुझें !'

यसै गरी यो संसारमा शान्तिका बारेमा चर्चा गर्ने मानिसहरू धेरै छन्। तर, मानिसले त्यो शान्ति आफैंले अनुभव नगरेसम्म केवल शब्द मात्रै हुनेछ। हामीले शान्तिको अनुभव गर्नु आवश्यक छ। चाहे हामीसँग जतिसुकै धन होओस् तर आन्तरिक शान्तिको अभावमा हामी गरिबको गरिबै हुनेछौं। हामीभित्र सबै कुरा खाली रहेसम्म हाम्रा लागि केही पनि हुनेछैन। जुन दिन हामीभित्र शान्तिको अनुभव हुनेछ, हामीले शान्ति-शान्ति भनिरहनु आवश्यक हुँदैन।

कोही शारीरिक रूपले निकै सक्षम र बलिया हुन्छन्। यद्यपि, यो सधैं रहिरहँदैन। उमेर ढल्कँदै गएपछि सबैथोक अहिले भएजस्तै त्यतिखेर हुँदैन। मानिसको वास्तविक क्षमता के हो त ? एउटा यस्तो क्षमता छ जुन सबैभित्र छ, चाहे ऊ गरिब होस् या धनी। हामीले प्रयोग नै नगरेको त्यो क्षमता के हो ? त्यो क्षमता हो- आफूले आफैंलाई चिन्ने अनि वास्तविकतालाई अपनाउने।

हामी जीवित भएसम्म निराश हुन आवश्यक छैन। यो हो हाम्रो वास्तविक सामर्थ्य ! यो मानिसको साँचो क्षमता हो- आफूले आफैंलाई चिन्नु, आफ्नो हृदयलाई शान्तिले भरिपूर्ण बनाउनु।

'मेरा बारेमा अरूले के सोचिरहेका छन्' भनेर मानिसले सोच्नु हुँदैन। यदि तपाईं जीवनमा कुनै कारणले असफल हुनुभयो भए पनि त्यो असफलतालाई कहिल्यै स्वीकार नगर्नुहोस्। पहिला पनि तपाईंले यस्तो गर्नुभएको छ। बाल्यावस्थामा तातेताते गर्दै हिँड्न सिकिरहेको समयमा कैयौं पटक तपाईंले उठ्ने कोसिस गर्नुभयो तर फेरि लड्नुभयो। हिँड्न नसिकेसम्म तपाईंले हारलाई स्वीकार गर्नु भएन। परिणामस्वरूप तपाईंले हिँड्न सिक्नुभयो।

हामीभित्र श्वास आइरहेको कारणले नै हामीसँग यो सामर्थ्य छ। अर्थात्, हामी जीवित छौं। यो कुनै सानोतिनो कुरा होइन। सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने जीवित भएकै कारणले मानिससँग यो क्षमता छ। तपाईंलाई यो वास्तविकता अवगत भएपछि तपाईं कति शक्तिशाली हुनुहुन्छ भन्ने कुरा बझ्नुहुनेछ। सृष्टिकर्ताले उपहारका रूपमा दिएका तपाईंको वास्तविक क्षमता के हो ? कुरा के मात्र हो भने हामीले आफ्नो जीवनमा त्यसलाई स्वीकार गरिरहेका छौं या छैनौं ? यदि स्वीकार गर्‍यौं भने त्यो क्षमता हामीबाट टाढा छैन।

(मानवता र शान्ति विषयका अन्तर्राष्ट्रिय वक्ता प्रेम रावतको सम्बोधन। संकलित एवं प्रस्तुतीकरण : डा. प्रेमराज ढुङ्गेल।)

## पाठक पत्र

### 'निल्नु न ओकाल्नु' अवस्थामा वित्तीय संस्था

नेपालको कानुनले जुवातास खेल्नलाई प्रतिबन्ध लगाएको छ। तर, सरकारलाई नै चुनौती दिएर लुकीछिपी तास खेल्नेको संख्या पनि उत्तिकै छ। कतिपयलाई प्रहरीले जुवातास अ*ाबाटै पक्राउ गर्दछ। त्यसरी पक्राउ परेकालाई कानुनमा उल्लेख भएबमोजिम कारबाही गरिन्छ। पछिल्लो समय सेयर पनि ठ्याक्कै जुवातासजस्तै भएको छ। एकदिन सेयरको मूल्य बढ्यो हर्षित हुन्छन् अर्को दिन फेरि घटिहाल्छ। जसको कारण सेयरमा लगानी गर्नेहरू जतिखेर पनि तनावमा देखिन्छन्। जुवातासमा माप्यो भने खुसी र हाप्यो भने दु:खी हुन्छन्, सेयरमा पनि उस्तै अवस्था छ। सेयरमा जथाभावी लगानी गर्नेहरू अहिले टाट पल्टिसकेका छन्। घरखेत बेचेर सेयरमा लगानी गर्नेहरू अहिले सडकमा आइपुगेका छन्। आफ्नो भएको जेथो नै डुबेपछि सेयर लगानीकर्ताहरूलाई 'मर्न' न मोटाउनु' भएको छ।

सेयरको घट्दो मूल्यका कारण वित्तीय संस्थाहरू पनि डुब्ने अवस्थामा पुगेका छन्। सेयर धितो राखेर कर्जा दिने बैंक फाइनान्सको लगानी जोखिममा परेको प्रष्टै बुझिएको छ। सेयरमा नयाँ लगानीकर्ता ठप्प झैं भइसकेको छ। अहिले पनि विभिन्न कम्पनीहरूले आइपीओ खोलिरहेका छन्। नयाँनयाँ कम्पनीहरूले दिनहुँजसो सेयर निकासी गर्दछन्। पछिल्लो समय बैंकफाइनान्स आफैं पनि रित्तो हुँदा सेयरवालालाई कसरी नाफा दिन्छ ? वित्तीय संस्थाहरूले कर्जा दिन सक्ने अवस्था छैन। यता, दिएको कर्जा पनि उठाउन हम्मेहम्मे परिरहेको छ। सर्वसाधारणहरूले पनि वित्तीय संस्थामा लगेर पैसा राख्दैनन्। रातारात आफ्नो जम्मा भएको रकम निकाल्ने क्रम बढ्दो छ। जसका कारण सेयरको मूल्य झनै घट्ने अड्कलबाजी गर्न थालिएको छ। ऋण लिएर सेयर किन्नेहरू भाग्नपर्ने अवस्थामा आइपुगेको बताइन्छ।

तर, सेयरमा धेरै लगानी भएका व्यापारीहरू सेयरको मूल्य बढ्छ भनेर बजारमा हल्ला फिँजाइरहेका छन्। एकातिर व्यक्तिसँग पैसा छैन अर्कोतिर बैंकफाइनान्सले कर्जा दिँदैनन्। अनि कसरी सेयरको मूल्य बढ्छ ? सीधासाधा जनतालाई भिडाउनका निम्ति व्यापारीहरूले भ्रम फिजाइरहेका छन्। बैंकफाइनान्सहरू धराशयी हुनुको प्रमुख कारण सेयर र घरजग्गामा जथाभावी लगानी गर्न' हो। तर, सेयर र घरजग्गाको मूल्य बढाउने सरकारले होइन व्यापारीहरूले हो। सेयरमा अर्बौं रुपियाँ लगानी गर्ने र घरजग्गामा खर्बौं लगानी गर्नेहरूको भागाभाग भइसकेको छ। ठूला व्यापारी देशै छोडेर भागिसकेका छन् भने साना व्यापारी लुकीछिपी हिँडेका छन्। बैंकफाइनान्सको कर्जा प्रत्येक दिन बढिरहेको छ तर घरजग्गा र सेयरको मूल्यमा मन्दी आएको छ। तीन सयको सेयर एकसय रुपियाँमा बिक्री भएको छैन। यता, घरजग्गाको मूल्य पनि स्वाट्टै घटेको छ।

बढी नाफा खानका निम्ति हिजो वित्तीय संस्थाहरूले आँखा चिम्लेर लगानी गरे। घुस खाएर महँगो ब्याजमा कर्जा प्रवाह गरे। तर, आज उनीहरू नै शिथिल भएका छन्। घरजग्गा र सेयर किन्नलाई खरिदकर्ता नहुँदा उनीहरूको लगानी जोखिममा पुगेको छ। मुलुकमा थुप्रै सरकारी बैंकहरू छन्। तर, बढी ब्याज पाउने लोभमा सर्वसाधारणहरूले निजी बैंकमा लगेर बचत गरे। सर्वसाधारणद्वारा आफ्नो खुट्टामा आफैंले बन्चरो हान्ने काम भयो। सरकारी बैंकमा राखेको रकम कुनै पनि हालतमा डुब्दैन। बैंक नै डुबे पनि त्यसको भर्पाइ सरकारले नै गर्दछ। हिजोको दिनमा सहकारीको कारणले धेरै मानिसहरू रोडमा आइपुगे। त्यतिखेर पनि सरकारले चुइक्क बोलेनन्। अहिले पनि सरकार मौन छ। घरजग्गा र सेयरको मूल्यमा लगातार गिरावट आइरहेको छ। जसका कारण धेरै सर्वसाधारणहरू निरास भइसकेका छन्।

राजनीतिक दलका नेताहरूले यसअघि पनि पटकपटक घरजग्गा र सेयरमा लगानी गर्न' भनेको असारे भल हो भनेर भन्दै आएका थिए। असारे भल जुनसुकै बेला पनि सुक्न सक्छ भनेर सेयरलाई ताकेर उदाहरणसमेत दिइएको थियो। सेयरको मूल्यमा कतिखेर मन्दी आउने हो यसको अड्कलबाजी गर्न नसकिने भनेर उनीहरूले विभिन्न मितिमा भनेका थिए। तत्कालीन अर्थमन्त्री युवराज खतिवडाले घरजग्गा र सेयरमा लगानी गर्न' जुवातास खेल्नुसरह भएको भनेको धेरैचोटि भनेका पनि थिए। नेपाल राष्ट्र बैंकको गर्भनर हुँदा खतिवडाले जथाभावी कर्जा दिनमा कडाइ गरेका थिए। यो क्षेत्रमा गरेको लगानीको भर हुँदैन जतिबेला पनि डुब्न सक्छ भनेर उनले सबैलाई सुझाएका थिए। तर, अन्त्यमा अर्थमन्त्री खतिवडालाई दोषी ठहराइयो। अर्थमन्त्री खतिवडाका कारण जग्गा र सेयर कारोबारीहरू रिसाए। बैंकफाइनान्स र जनता दुवैलाई हौसिएर सेयर नकिन्न बारम्बार भन्दा पनि कसैले टेरपुच्छर मानेनन्। जसको नतिजा विस्तारै देखिँदैछ।

बैंकफाइनान्सले सेयर र घरजग्गा लिलाम गर्न खोजे तापनि किन्ने मान्छे छैनन्। किनकि प्राय:जसोले सेयर र घरजग्गाको मूल्यमा अझ गिरावट आउँछ भनेर बुझिसकेका छन्। घरजग्गा र सेयरको बिक्रीवितरण ठप्प हुँदा राज्यलाई राजस्व आएन। त्योभन्दा बढी जनताको लगानी नै जोखिममा पर्‍यो। दलालीहरूको लहलहैमा लाग्दा जनताहरूले नपाउनु दु:ख पाए। सरकारी बैंकले ११ प्रतिशत ब्याज दिने भनेका छन्। त्यसै गरी, निजीले १४ र सहकारीले १८ प्रतिशत ब्याज दिने प्रलोभन देखाइरहेका छन्। तापनि कोही पैसा राख्न तयार छैनन्। बरू, भएको पैसा पनि निकाल्न दौडधुप गरिरहेका छन्। बचतकर्तालाई १८ प्रतिशत ब्याज दिने सहकारीले कर्जा लिनेसँग कति ब्याज लिन्छ ? भन्ने बेलामा १९ प्रतिशतमा कर्जा लिएर जानुस् भन्छन् तर सबै हिसाब गर्दा ४२ प्रतिशत पर्न जान्छ। तीन प्रतिशत सेवाशुल्क, पेनाल्टी, घुस गर्दा कर्जावाल सीधै मारमा पर्छन्। सहकारी विभागले कर्जा लगानी गर्दा १६ दशमलव ३ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने नियम बनाएको छ।

त्यसै गरी, सेवाशुल्क पनि एक प्रतिशत मात्र तोकिएको छ। मँहगो ब्याज र बढी सेवाशुल्कका प्रलोभनमा वित्तीय संस्थाहरू फस्दा डिपोजिटकर्ताको रकम डुब्न बेर नलाग्ने स्थितिमा आइपुगेको छ। वित्तीय संस्थाहरूलाई 'निल्नु न ओकाल्नु' भइसकेको छ। हिजो ३-४ प्रतिशत ब्याजमा सर्वसाधारणको पैसा राख्ने काम भयो। तर, कर्जा लगानी गर्नेसँग महँगो ब्याज लिए। आएको नाफाजति सञ्चालक र कर्मचारी मिलेर इवाम्म पार्ने। बैंकफाइनान्सको यस्तो प्रवृत्तिका कारण उनीहरू जनताबाट नाङगिए। बैंकफाइनान्स जनताको नजरमा ठग देखिएका छन्। अझ कर्जा खानेहरूलाई बैंकफाइनान्सले रुवाउनु रुवाएका छन्। कर्जा तिर्नलाई समय नथपिदिने। धम्काउने, तर्साउने र पत्रपत्रिका निकाल्दिने। कालोसूचीमा नाम राखिदिने। बैंकफाइनान्सको दबाब सहन नसकेर कतिपयले आत्महत्यासमेत गरेका घटनाहरू हाम्रै समाजमा छ। करोडपति रोडपतिसम्म बने। डिपोजिटवाललाई महिना नमरेसम्म ब्याज दिँदैनन्। तर, कर्जावाललाई कर्जा तिरेको दिनको समेत ब्याज लिन्छ।

अहिले व्यापारीहरूले पनि वित्तीय संस्थामा पैसा राख्न छोडिसके। आफूसँग भएको रकम घरमै राख्ने प्रवृत्ति बढ्दो छ। दैनिक लाखौं रकम उठाउने सहकारीका बजार प्रतिनिधिहरूलाई अहिले हजार उठाउन पनि हम्मेहम्मे परिरहेको छ। तलब दिन नसकेर वित्तीय संस्थाहरूले धमाधम कर्मचारी कटौती गर्दै छ। सर्वसाधारणलाई 'मुर्गा' बनाउन खोजे पनि आमसञ्चारको सहयोगबाट पाएको चेतनाका कारण ठग्न सक्ने स्थिति छैन। पहिले सेयर र जग्गा व्यापारीले जे भन्थे, सर्वसाधारणले सजिलै पत्याउँथे। तर, अहिले आँखा चिम्लेर कसैको बोलीको आधारमा आफ्नो जिन्दगीभरको कमाइ कसैले लगानी गर्दैन। सर्वसाधारणमा यति चेतना आउनु भनेको दलालीहरूको ठग्ने कामको अन्त्य हुनु हो। ८० प्रतिशतले कर्जा लिएर घरजग्गा र सेयरमा लगानी गरेका छन्। उनीहरूको भएको जेथो सबै बैंकफाइनान्सकै नाममा छ। बजारमा यसको मूल्य घट्नेबित्तिकै यसको सीधा असर बैंकफाइनान्सलाई पर्छ। अब डुब्ने पालो बैंकफाइनान्सको आएको छ। यी संस्थाहरू डुब्नेबित्तिकै जनताको लगानी जोखिममा पर्‍यो।


**- कविता शर्मा, बाँके**

## सामाजिक सञ्जाल



म स्पष्ट गणतन्त्रवादी हुं। शाह वंशले यो देशका लागि लगाएको गुण जनताले २५० वर्ष रैती बनेर तिरीसके जस्तो लाग्छ। तर पनि, काठमाडौं दरवारमार्गमा महेन्द्रको सालिक रहनहुने, नेपालगन्जको वीरेन्द्र चोकमा वीरेन्द्रको सालिक राख्न किन नहुने ?

**प्रतीक प्रधान**
@prateekpradhan



इतिहासमा कांग्रेसले धेरै हार व्यहोरेर पनि देश र जनता बचाउने काम गरेको छ। त्यसैले हामी हार व्यहोर्न तयार छौं तर राष्ट्र , जनता र न्यायको पक्षमा लड्न छाड्ने छैनौं !

**रामचन्द्र पौडेल**
@NcPaudel



मलको समस्या सधैं उस्तै, जहिल्यै हाहाकार। सिंचाइको व्यवस्था छैन, बोरिङ्ग र यन्त्र/उपकरणमा अनुदान जति दलका कार्यकर्तालाई। प्रेरणा कत्ति छैन। तै पनि दु:खले उब्जाएको फसलमा नाफा जति बिचौलियालाई, किसानको भागमा पीर मात्र। अनि उल्टै धम्की दिन्छौ सरकार,जमिन बांझो राखे लाख रूपियां जरिवानाको ?

**शरदराज पाठक**
@SharadRPathak

# चुरेको वन अतिक्रमण गरेर फनपार्क निर्माण

## ४५ रोपनी अतिक्रमण भएको पुष्टि

गणेश घिमिरे, इलाम

चुरे क्षेत्रको वन जंगलको संरक्षण गर्न सरकारले चुरे संरक्षणका लागि वर्षेनी करोडौं रुपियाँ बजेट विनियोजन गर्दै आएको छ। बजेट विनियोजन गर्ने सरकारले चुरे संरक्षणमा भने पटक्कै ध्यान नपुर्‍याएको देखिन्छ। यसकै एउटा ज्वलन्त उदाहरण बनेको छ माई नगरपालिका। फन पार्क निर्माण गर्ने बहानमा सरकारी र सामुदायिक वन अतिक्रमण गरेर पार्क निर्माण भएको छ। सरकारी र सामुदायिक वन अतिक्रमण गरेर इलामको दक्षिणी माई नगरपालिकामा पार्क निर्माण गरेको खुलेको छ। माई नगरपालिका वडा नम्बर २ र ८ मा पर्ने सरस्वती र भगवती सामुदायिक वन र ऐलानी जमिन अतिक्रमण गरेर ह्याप्पी ड्रिम्स प्रालीले फनपार्क बनाएको हो।

झापा सुरुङ्गाका दिनेश शिवाकोटीले फनपार्क बनाउने भन्दै सोही नगरपालिकाको चेप्टी भन्ने स्थानमा ८५ रोपनी जग्गा खरिद गरेका थिए। तर, त्यहाँ सामुदायिक र ऐलानी गरी करीब डेढसय रोपनीभन्दा बढी जमिन अतिक्रमण गरेर पार्क बिस्तार गरेको स्थानीय बताउँछन्। शिवाकोटीले सामुदायिक वनको जग्गा कब्जा गरेर फनपार्क बनाएको कुरा बाहिर आएपछि डिभिजन वन कार्यालय इलामले अधिकृतस्तरको तीन सदस्यीय छानबिन समिति गठन गरेको छ। समितिले प्रारम्भिक रूपमा गरेको अध्ययनका क्रममा ४५ रोपनी सरस्वती सामुदायिक वनको अतिक्रमण भएको पुष्टि भएको डिभिजन वन कार्यालय इलामका प्रमुख दानबहादुर श्रेष्ठले जानकारी दिनुभयो। समितिले विस्तृत रिपोर्ट बुझाएपछि सामुदायिक वनको भूभाग मिचेको, रूख काटेको ठहर भएमा प्रचलित वन ऐन नियमअनुसार दोषीलाई कडा कारबाही हुने उहाँको भनाइ छ।

प्रालिले वडा नम्बर ८ को दुङदुङ्गेमा रहेको भगवती सामुदायिक वनको जग्गासमेत अतिक्रमण गरेर पार्कको संरचना निर्माण गर्न थालेको छ। वन उपभोक्ता समितिलाई जानकारी नदिई सेटिङ्ग मिलाएर वन अतिक्रमण गरेर संरचना बनाउन थालेको सोही सामुदायिक वन उपभोक्ता समिति सदस्य स्थानीय काजीबहादुर मगरले बताउनुभयो। प्रालिले माइखोला क्षेत्रमा रहेको सामुदायिक र ऐलानी जग्गाको ब्यापक रूपमा अतिक्रमण गरे पनि स्थानीय सरकार मौन छ। स्थानीय मगरका अनुसार पार्क बनाउन खोला बग्ने क्षेत्रलाई बाँध बाँधेर सानो बनाइएको हुँदा बर्खाको समयमा नगरपालिकाको वडा नम्बर ७ र ८ धेरै जोखिम रहेको बताउनुहुन्छ।

पार्क बनाउन वनको जग्गा हडप्ने कार्यमा संलग्न भएको भन्दै तत्कालीन माई नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष हालका मेयर खम्बसिंह लिम्बूकै नामसमेत जोडिएको छ। मेयर लिम्बूको नाम जोडिएपछि यस विषयमा उहाँको जवाफ लिन खोजे पनि उहाँ बोल्न चाहनु भएन। मेयर लिम्बूले नगर कार्यपालिकाको बैठकमा यस विषयमा कुरा हुने र बैठकले जे निर्णय गर्छ त्यही नै आफनो कुरा रहने भन्दै पन्छिनुभयो। प्रालिले करिब एक अर्बको लगानीमा पार्क निर्माण सम्पन्न गर्ने र अहिलेसम्म २५ करोड रूपियाँ खर्च भइसकेको जनाएको छ। हाल पार्क निर्माण भइरहेको स्थानमा १९ वर्षअघि चुरे जैविक संरक्षण परियोजना र यूएनडीपीले ५० हजार डलर खर्च गरेर चुरे संरक्षण गर्ने अभियान चलाएको थियो।

पार्क निर्माणका क्रममा प्रालिले वनका उपभोक्ताहरूसँग सरसल्ला नलिईकन सखुवाका रूखहरू पनि कटान गरेको स्थानीय धन कुमार कुमालले बताउनुभयो। पार्क निर्माणकै क्रममा ऐलानी जमिनमा बस्दै आएका केही सुकुम्बासीहरू पनि बिस्थापित भएको स्थानीहरू बताउँछन्। यता ह्याप्पी डिम्स प्रालीका सञ्चालक दिनेश शिवाकोटीले भने अरूको कारणले गर्दा आफू फसेको बताउनुभयो। धनीपूर्जाको प्रक्रियामा गइसकेकोले जग्गा आफूले खरिद गरेको र नगरपालिकाले नै काम गर्न स्वीकृति दिएपछि पार्क निर्माण गरेको बताउनुभयो। विस्तृत वातावरणीय परीक्षण गरी सम्बन्धित निकायबाट स्वीकृति लिएर मात्रै चुरे क्षेत्रमा पूर्वाधार निर्माण गर्ने कानुनी व्यवस्था रहे पनि कम्पनीले कतैबाट स्वीकृति नै नलिएको र वन तथा ऐलानी जग्गा कब्जा गरेर निर्माण गरिरहेको स्थानीयहरूको दाबी छ।

# गण्डकी प्रदेशमा छैन खाद्य विषादीमापन प्रयोगशाला

नेपाल समाचारपत्र, पोखरा

गण्डकी प्रदेशमा अब खाद्य प्रयोगशाला बन्ने भएको छ। आम नागरिकको स्वास्थ्यसँग जोडिएको अत्यावश्यक खाद्यान्नको अनुगमन हुने गरे पनि अहिलेसम्म खाद्यान्नको गुणस्तर मापन भने हुन सकिरहेको छैन्। सामान्य मापन गर्दै आइरेहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले अब भने प्रयोगशाला समेत सञ्चालन गर्ने भएको हो।

कार्यालयका प्रमुख शिवजी बरालले प्रयोगशालाका लागि २६ लाखको टेन्डर परिसकेको र आगामी १ महिनामा नै प्रयोगशालासमेत सञ्चालनमा ल्याउने बताउनुभएको छ। उहाँले हाल खाद्यान्नको अनुगमन गर्न बजारमा जाँदा खाद्यान्नको मिति गुज्रिएको र लेभल मात्रै हेर्ने गरेको सुनाउनुभयो। 'हामीले चाहेर पनि यहाँ परीक्षण गराउन सक्दैनौं। हामीसँग खाने तेल मापन गर्ने र फ्रिजको तापमापन गर्ने थर्म गनर र पोलार मिटर मात्रै छ त्योबाहेक हामीसँग पूर्वाधार नै छैन' उहाँले भन्नुभयो- 'बजार अनुगमनमा धेरै समस्या देख्छौं तर, हामीलाई स्थलगत कारबाहीको अधिकार पनि छैन। अब चाँडै नै हामीले खाद्य गुणस्तर मापन प्रयोगशाला सञ्चालनमा ल्याउँदै छौं।'

कार्यालयले विशेष गरी अति संवेदनशील खाद्यान्नको अनुगमन गरिरहेको उहाँले बताउनुभयो। प्रयोगशालामा विषादीको मात्राबाहेक अन्य सबै अर्थात् खाद्यान्नको गुणस्तरको मापन हुनेछ। विषादी मापन भने गण्डकी प्रदेशमै हुँदैन। देशका अन्य शहर विराटनगर, हेटौंडा, जनकपुर, नेपालगञ्ज, धनगढी, भैरहवामा विषादी मापन तथा खाद्य प्रयोगशाला रहे पनि गण्डकीका कुनै पनि जिल्लामा प्रयोगशाला छैन। विषादी मापन गर्नका लागि स्पेक्टो फोटोमिटरको आवश्यकता पर्ने त्यसको मूल्य थोरैमा पनि ५० लाख रुपियाँ पर्न जाने प्रमुख बरालले जानकारी दिए। 'विषादी मापन यन्त्र अलि महँगो पनि छ। हामीले गण्डकी प्रदेशको कृषि मन्त्रालयसँग छलफल गरिरहेका छौं। अहिले जीवनसँग जोडिएको अति संवेदनशील क्षेत्रकै आवश्यक पुर्वाधार छैन।'

खाद्य स्वच्छता कायम गर्ने क्रममा यो १ वर्षमा खाद्य ऐन नियमअनुसार १ सय १९ खाद्य नमुना संकलन गरी परीक्षणका लागि काठमाडौं पठाइएको थियो। जसमा ४६ वटा परीक्षणको रिर्पोट आउँदासमम ४ वटा नमुना प्रतिकूल पाइएको छ। उक्त नमुनाको प्रारम्भिक अनुसन्धान गरी सम्बन्धित क्षेत्रमा पठाउने काम भएको कार्यालय प्रमुख बरालले जानकारी दिनुभयो।

# २४ घण्टा नबित्दै फेरि त्रिविमा तालाबन्दी

काठमाडौं, (नेस)

त्रिभुवन विश्वविद्यालयमा ताला फोडेको २४ घण्टा बित्न नपाउँदै बिहीबार बिहान नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघले फेरि तालाबन्दी गरेको छ। कीर्तिपुरस्थित त्रिवि उपकुलपति कार्यालयसहित पदाधिकारीहरूका कार्यकक्षको ताला फोडेको २४ घण्टाभित्रै नेविसंघले तालाबन्दी गरेको हो।

नेविसंघले पदाधिकारीको बर्खास्तीलगायत विभिन्न माग राखेर यसअघि माघ ७ गतेदेखि निरन्तर तालाबन्दी गर्दै आएको थियो। तर, बुधबार नेकपा क्रान्तिकारीले पार्टीको मध्य केन्द्रीय कमान्डका इन्चार्ज सफलद्वारा हस्ताक्षरित विज्ञप्ति टाँसेर ताला फोडेका थिए।

ताला फोडेपछि जनकपुरस्थित युथ क्याम्पसमा बीसीए 'ब्याचलर अफ कम्प्युटर एप्लिकेसन' कार्यक्रमको सम्बन्धन दिँदा त्रिविका कर्मचारीले घुस मागेको र घुस नदिएपछि त्रिविले सम्बन्धन खारेज गरेको आरोप लगाउँदै पुनः पदाधिकारीको कार्यालयको मूलगेटमा तालाबन्दी गरेका थिए।

पदाधिकारीको बर्खास्तीलाई अन्तिम हतियार बनाएको नेविसंघले माग पूरा नभएसम्म ताला नखोल्ने अडान दोहोर्‍याएका थिए। तर, नेविसंघ त्रिवि सचिव योगेन्द्र रावलको नेतृत्वमा आएको टोलीले उपकुलपति, शिक्षाध्यक्ष र रजिस्ट्रार कार्यालयको तालाबन्दीलाई जारी राखेको बताउँदै पदाधिकारीको बर्खास्ती नभएसम्म ताला नखोल्ने अडान दोहोर्‍याएका थिए।

तालाबन्दी गर्दा प्रहरी मूकदर्शक बनेको त्रिवि प्रशासनको आरोप छ। पदाधिकारीको कार्यकक्षमा ताला खोलिसकेको अवस्थामा पुनः तालाबन्दी गर्न आउनेलाई रोक्न नसक्नु प्रहरीको कमजोरी हो। नेविसंघले नक्कली लेटर प्याड बनाएर अमुक पार्टीको नाममा त्रिवि पदाधिकार ीले नक्कली विज्ञप्ति टाँसेर तालाबन्दी गरेको आरोप लगाएको छ।

# शहीदको सालिक तोडफोड

बाँके, (नेस)

स्व. राजा वीरेन्द्रको सालिक राख्ने र हटाउने विषयले बिहीबार नेपालगन्ज तनावमय भएको छ। राष्ट्रवादी युवाको समूहले नेपालगन्जको वीरेन्द्रचोकमा वीरेन्द्रको सालिक राखेपछि त्यसलाई प्रहरीले हटाउँदा झडपसँगै नेपालगन्ज तनावमय भएको हो।

त्यसक्रममा राजा समर्थितले प्रहरीलाई ढुंगा प्रहार गरेका छन् भने प्रहरीले १० राउन्ड हवाई फायर गरेको छ। राजा समर्थितको ढुंगा प्रहारबाट १२ जना प्रहरी घाइते भएका छन्। प्रहरीको लाठीचार्जबाट १० जना युवा घाइते भएका छन्। घाइतेहरूको विभिन्न अस्पतालमा उपचार गरिएको छ। प्रहरीले ४ जनालाई नियन्त्रण लिएको छ।

बिहान ८ बजे राजा समर्थित युवाले एक्कासि सालिक स्थापना गरेका थिए। एक घण्टाभित्रै प्रहरीले सालिक हटाएको थियो। प्रहरीले राजाको हटाउने क्रममा झडप भएको हो। सामान्य अवस्था मानेर आएका प्रहरीलाई राजा समर्थित युवाले ढुंगा हानेर अत्याएका थिए। पछि ठूलो समूहमा आएको प्रहरीले लाठीचार्जसँगै हवाई फायर गरेको थियो। प्रहरीले बल प्रयोग गरेर तितरबितर गरेपछि आक्रोशित युवाले करिव पाँच सय मिटर पूर्वमा रहेको शहीद सेतुको सालिक तोडफोड गरिदिएका छन्।

## भन्सार...

'भन्सारबाट जाँच पास भएर आएको सवारीले भन्सार छली गरेको आशंकामा नियन्त्रणमा लिएको हो,' उहाँले भन्नुभयो- 'थप अनुसन्धानका लागि राजस्व कार्यालय इटहरीमा बुझाएको छ।' इटहरीस्थित राजस्व कार्यालयले अनुसन्धान गरेपछि भन्सार छली गरेको वा होइन खुल्ने उहाँले बताउनुभयो । प्रहरीले ट्याक्टर चालक भारतको अरेरिया जोगवनी वडा नं. १० टिकुलीयाका ३४ वर्षीय श्याम चौधरीलाई पनि नियन्त्रणमा लिएको छ। प्रहरीले बरामद गरेको सामान भन्सार एजेन्ट चेतनाथ पौडेलका प्रतिनिधिले लालबचन यादवले भन्सार कर्मचारीसँग मिलेर भन्सार छली गरेको आरोप छ।

विद्या केलिरिङ कन्सनका प्रतिनिधि रहेका यादव व्यापारीहरूको सामान भन्सारका कर्मचारीसँग मिलेमतो गरी कम मूल्यांकन गरी भन्सार छली गर्ने गरेको स्रोतको दाबी छ। उक्त ट्याक्टरमा मोटर पार्टस, छाला, नटबल्टु, मेसिन पार्टस र कपडालगायत छ। उक्त सामानको मूल्य ४० लाख बराबरको रहेको मोरङ प्रहरीले जनाएको छ। उक्त सामान अवैध तरिकाले राजस्व छली गरी विराटनगरबाट इटहरीतर्फ लाने तयारी भएको थियो।

## टौदहमा...

समाजले पोखरीमा स्वच्छ पानी पठाउन चारैतिर नाली निर्माण गरेको छ। तर, केही असावधानीको कारण विषादीयुक्त पानी र अक्सिजन कमी भएकोले माछा मरेको स्थानीयको ठम्याइका कारण अब पानी फिल्टर गर्ने र निर्मल पानी मात्र पोखरीमा पुग्नेगरी व्यवस्था भइरहेको अध्यक्ष काकीले बताउनुभयो।

करिब १ सय १४ रोपनीमा फैलिएको सो क्षेत्रको १६ रोपनीमा पोखरीले ढाकेको छ। पोखरी विकास गर्न शहरी विकास विभागले ४ करोड ५० लाख रुपियाँको परियोजना सञ्चालन गरेको छ। पोखरीलाई सुन्दर बनाउन वरपर विकास निर्माणका थप योजना माग गरिएको छ।

समाजले पोखरीको सरसफाईका लागि र टिकट बिक्री गर्न ११ जना कर्मचारी खटाएको छ। ती कर्मचारीले पोखरी सफा गर्नुका साथै अनुगमन गरी नियमविपरीत काम गरे कारबाही पनि गर्ने अध्यक्ष कार्कीले बताउनुभयो।

# सुदूरपश्चिममा १७ दिनयता कोरोना संक्रमण शून्य

बैतडी, (नेस)

सुदूरपश्चिम प्रदेशमा गएको १७ दिनयता एक जना पनि कोरोनाका संक्रमित भेटिएका छैनन्। स्वास्थ्य निर्देशनालयको तथ्यांकअनुसार जेठ ३ गते एकजनामा संक्रमण देखिएको र त्यसयता एकजनामा पनि संक्रमण नदेखिएको हो।

उक्त अवधिमा एकजना संक्रमितको पनि ज्यान नगएको तथ्यांकमा देखाइएको छ। यस प्रदेशमा गएको २४ घण्टामा प्रदेशभर पीसीआर र एन्टिजेन विधिबाट २०० जनाको नमुना परीक्षण गर्दा एकजनामा पनि संक्रमण देखिएको छैन।

यस्तै, गएको २४ घण्टामा प्रदेशभर १९ जना निको भएका छन्। उक्त अवधिमा यस प्रदेशमा सङ्क्रमणका कारण एक जनाको पनि मृत्यु भएको छैन। सुदूरपश्चिममा हालसम्म ५ लाख ४१ हजार ६९१ जनाको कोरोना परीक्षण गरिएकोमा ५९ हजार ६४६ जनामा संक्रमण देखिएको छ। सङ्क्रमणका कारण हालसम्म छ सय ३३ जनाको ज्यान गइसकेको छ।


अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना यस फर्म/कम्पनीले (India) बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | उत्पत्तिको मुलुक राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| LED TV | 24" LTD TV | Intex | LED 2419 | India | PCS | NPR | 22,273/- | |
| LED TV | 32" Android LED TV | Intex | LED 3243 | India | PCS | NPR | 26,510/- | |
| LED TV | 32" Android LED Bass Boost | Intex | LED-SHF-3265 | India | PCS | NPR | 31,210/- | |

फर्मको नाम : रिसिक ट्रेडिङ कर्न्सन प्रा.लि.
नार्गाजुन-०२, काठमाडौं

स्थायी लेखा नं. ६००२५१६८४
फोन नं. ५२४९५२५/२६



मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
जलश्रोत तथा सिंचाइ विकास डिभिजन महोत्तरी
जलेश्वर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०७९/२/२०

यस कार्यालयको मझौला कार्यक्रम अन्तर्गतको जनघा सि.यो. तथा नैयाघाट सि.यो.को लागी मिति २०७८।११।२० गते हिमालयन टाइम्स राष्ट्रिय दैनिक पत्रिका तथा www.bolpatra.gov.com/egp मा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत रीतपूर्वक आएका बोलपत्रहरु माथि कारवाई हुंदा देहाय अनुसारको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागी सम्बन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| सि. नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कवोल रकम VAT सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | JANGHA/ISP/ MAHOTTARI/ NCB-03/078-79 | Construction of Head works and Canal Structures | M/S Bikash & Brother-Shivako-Rashi JV, Janakpur-8 | 10,63,24,223.02 | |
| २ | KHOPI/ISP/ MAHOTTARI / NCB-04/078-079 | Construction of Head works and Canal Structures | M/S Shivako-Suhani JV, Janakpur | 2,52,78,332.20 | |

डिभिजन प्रमुख



**Invitation for Bids**
**Government of Nepal (GoN)**
**Shahid Dharma Bhakta National Transplant Center**
**Bhaktapur, Nepal**

**Invitation for Electronic sealed quotation for the following Medical Items at Shahid Dharma Bhakta National Transplant Center, Bhaktapur, Nepal**

**Date of publication: 3rd June, 2022**

1. The **Shahid Dharma Bhakta National Transplant Center, Bhaktapur, Nepal** invites electronic sealed quotation from eligible bidders for the procurement of **Supply, Delivery, Instalation and Commissioning of Medical Equipment, Instrument, at Shahid Dharma Bhakta National Transplant Center, Bhaktapur, Nepal** under sealed quotation procedures specified in Public Procurement Act and Regulations. Bidding is open to all eligible Bidders.
2. Eligible Bidders may obtain further information and inspect the **sealed quotation** documents at the office of **Shahid Dharma Bhakta National Transplant Center, Bhaktapur, Nepal**, Phone no: 00977 1 6614656, 00977 1 6614709 and email address **info@hotc.org.np** or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Sealed Quotation documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document as specified in the below in the following bank.
   **Bank Information: Account No.:-** 01900100040059000001, **Name of office:-** Shahid Dharma Bhakta National Transplant Center, Bhaktapur, Nepal, office at Nepal Bank Limited, Bhaktapur
4. Interested Bidders shall submit the electronic sealed quotation through **www.bolpatra.gov.np /egp** to the above office of **Shahid Dharma Bhakta National Transplant Center, Bhaktapur, Nepal** on or before as specified in the table below.
5. **Sealed quotation** shall be opened in presence of Bidders' representatives who choose to attend at **as specified in the table below** at the office of **Shahid Dharma Bhakta National Transplant Center, Bhaktapur, Nepal. sealed quotation** must be valid for a period of 45 Days for SQ, counting from the day of **sealed quotation** opening and must be accompanied by bid security, amounting to a minimum of **as specified in the table below**, which shall be valid form minimum 30 days beyond the bid validity period [i.e. 75 Days for SQ].
6. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **Bid Security Account :** 01901000002003000001 District Treasury Controler Office, Bhaktapur at Nepal Bank Limited, Bhaktapur and submit the receipt of the deposited amount of cash alongwith the **sealed quotation**.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original **sealed quotation** submission dead line

| Contract No. | Bidding Method | Contract Name | Last date and time of SQ submission | Bid opening date and time | Bid Security Amount (Rs) | SQ document fee (Rs) |
|---|---|---|---|---|---|---|
| SDNTC/SQ/ 78/79/02 | SQ | Supply, Delivery, Commissioning & Installation High End Color Doppler USG Machine | 20th June 2022 12:00 Hrs | 20th June, 2022 14:00 Hrs | 1,23,250.00 | 1,000.00 |
| SDNTC/SQ/ 78/79/03 | SQ | The Supply, Delivery, Commissioning & Installation of Patient Warmer | 20th June 2022 12:00 Hrs | 20th June, 2022 14:00 Hrs | 58,320.00 | 1,000.00 |
| SDNTC/SQ/ 78/79/04 | SQ | The Supply & Delivery, of Surgical Instrument | 20th June 2022 12:00 Hrs | 20th June, 2022 14:00 Hrs | 1,24,800.00 | 1,000.00 |
| SDNTC/SQ/ 78/79/05 | SQ | The Supply, Delivery, Commissioning & Installation of Disposable Flexible URS Scope With control Unit | 20th June 2022 12:00 Hrs | 20th June, 2022 14:00 Hrs | 59,800.00 | 1,000.00 |

# वैदेशिक रोजगार बचतपत्रमा लगानी गर्न एनआरएनएको आग्रह

**नेपाल समाचारपत्र, काठमाडौं**

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले नेपाल राष्ट्र बैंकको वैदेशिक रोजगार बचतपत्रमा लगानी गर्न विदेशमा रहेका नेपालीहरूलाई आग्रह गरेको छ। गैरआवासीय नेपाली संघका अध्यक्ष कुल आचार्यले ५ वर्षे अवधिको खुला गरिएको सो बचतपत्रमा लगानी गर्न अनुरोध गर्नुभएको हो। आचार्यले वैदेशिक रोजगारमा रहेका नेपालीहरूका लागि ठूलो अवसर भएको बताउँदै सो बचतपत्रमार्फत् लाभान्वित हुन आग्रह गर्नुभयो।

उहाँले नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगार बचतपत्रका लागि आवेदन खुला गरेपछि विदेशमा रहेका नेपाली उत्साहित रहेको बताउनुभयो। वैदेशिक रोजगार बचतपत्रमा लगानीकर्ताले १२ दशमलव ५ प्रतिशत ब्याज पाउँछन्। यो ब्याज रकम हाल बैंक तथा वित्तीय संस्थाले मुद्दतीमा दिनेभन्दा बढी हो।

बचतपत्रमा लगानी गर्नेले आफैं वा इच्छाएको व्यक्तिमार्फत् नजिकको बैंक शाखाबाट ब्याज रकम लिन सक्छन्। ६-६ महिनामा लगानीकर्ताले ब्याज पाउने राष्ट्र बैंकले जनाएको छ। घटीमा १० हजार रुपियाँ र बढीमा १० हजारले भाग गर्दा निश्शेष भाग जाने रकम यसमा लगानी गर्न सकिन्छ।

देशबाहिर रोजगारीमा संलग्न वा देशभित्र फर्केको ६ महिना नपुगेका नेपाली नागरिक वा गैर आवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्यका नाममा यस्तो बचतपत्र किन्न सक्छन्।

अहिले लगानी गरेको पैसा असार ६ गतेसम्म आवेदन दिन सकिन्छ। २०८४ असार १३ गते साँवा रकम फिर्ता हुनेछ। यस्तो बचतपत्र धितो राखी बैंकबाट ऋृण पनि लिन सकिन्छ। राष्ट्र बैंकको वेबसाइटमा गई मोनिटरी म्यानेजमेन्टभित्र रहेको अनलाइन प्रणालीमार्फत् आवेदन दिन सकिन्छ। साथै त्यसैबाट फारम डाउनलोड गरी भरेर पायक पर्ने बैंक शाखामा बुझाउन सकिन्छ।

यस्तै, सरकारले आगामी आर्थिक वर्षको बजेटमा धितोपत्रको दोस्रो बजारमा गैरआवासीय नेपालीलाई लगानी गर्न खुला गरेको छ। सरकारले गरेको उक्त निर्णयलाई नेपाल उद्योग वाणिज्य महासंघले स्वागत गरेको छ।

महासंघले बजेटको विषयमा आफ्नो धारणा सार्वजनिक गर्दै सरकारको उक्त निर्णयको स्वागत गरेको हो। पुँजी बजारतर्फ धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्ने नीति राम्रो भएको महासंघको ठहर छ।

## बतास समूहलाई होटल चलाउन दिएको आदेश बदर

**काठमाडौं, (नेस)**

जिल्ला अदालत काठमाडौंले बतास समूहलाई नेपाल-भारत मैत्री पशुपति धर्मशालामा होटल सञ्चालन गर्न दिने गरी यसअघि गरेको अन्तरकालीन आदेश आज बदर गरेको छ। बुधबार न्यायाधीश विनोदकुमार पोखरेलको इजलासले यसअघि काठमाडौं जिल्ला अदालतले बतास समूहको पक्षमा दिएको अन्तरकालीन आदेश बदर गरेको पशुपति क्षेत्र विकास कोषका कोषध्यक्ष नारायण सुवेदीले जानकारी दिनुभयो।

गएको चैत २५ गते जिल्ला अदालत काठमाडौंले नेपाल-भारत मैत्री पशुपति धर्मशालामा आनन्द बतासले सञ्चालन गरिरहेको होटलको पक्षमा अन्तरकालीन आदेश दिएको थियो।

उक्त अन्तरकालीन आदेशविरुद्ध पशुपति क्षेत्र विकास कोषले निवेदन दिएको थियो। उक्त निवेदनको आज बुधबार सुनुवाइ गर्दै न्यायाधीश पोखरेलको इजलासले पशुपति क्षेत्र विकास कोष र बतास समूहबीचको करार भङ्ग भइसकेकाले पुनः होटल सञ्चालन गर्न दिनु कानुनबमोजिम नहुने भन्दै अन्तरकालीन आदेश बदर गरिदिएको विकास काषेले जनाएको छ।

## लमजुङका स्थानीय तहलाई तीन अर्ब १७ करोड ४३ लाख बजेट

**खुशीमाया गुरुङ, लमजुङ**

आगामी आर्थिक वर्षका लागि संघीय सरकारले सार्वजनिक गरेको बजेट अनुसार लमजुङका स्थानीय तहका लागि तीन अर्बभन्दा बढी रकम प्राप्त हुने भएको छ। आर्थिक वर्ष २०७९/८० का लागि लमजुङलाई तीन अर्ब १७ करोड ४३ लाख रुपियाँ विनियोजन भएको अर्थमन्त्री जनार्दन शर्माले पेस गरेको बजेटमा उल्लेख भएको छ।

लमजुङ जिल्लालाई सरकारले चालु आर्थिक वर्षमा भन्दा आगामी आर्थिक वर्षका लागि ३२ करोड ७६ लाख वढी रकम विनियोजन गरेको छ। चालु आर्थिक वर्ष ०७८/०७९ का लागि लमजुङका आठ स्थानीय तहलाई दुई अर्ब ८४ करोड ६७ लाख विनियोजन भएको थियो। आगामी आर्थिक वर्षका लागि सरकारले प्रस्तुत गरेको बजेटअनुसार जिल्लाका आठ स्थानीय तहमध्ये सदरमुकामसमेत रहेको बेंसीशहर नगरपालिकाले सबैभन्दा धेरै ४८ करोड १५ लाख बजेट पाउने भएको छ। बेंसीशहरले चालु आर्थिक वर्षमा ४६ करोड ३५ लाख बजेट पाएको थियो।

जिल्लाको राईनास नगरपालिले भने ४७ करोड ५० लाख रुपियाँ पाउने भएको छ। चालु आर्थिक वर्षमा राईनासले ३८ करोड ५९लाख रुपियाँ पाएको थियो।

यस्तै जिल्लाको मध्यनेपाल नगरपालिकाले ४६ करोड ४५ लाख रुपियाँ पाउने भएको छ। चालु आर्थिक वर्षमा मध्यनेपाल नगरपालिकाले ४० करोड ७८लाख वजेट पाएको थियो। यसै गरी जिल्लाको सुन्दरबजार नगरपालिकाले ४३ करोड ५० लाख पाउने भएको छ। सुन्दर बजारले चालु आर्थिक वर्षमा ४३ करोड ४२ लाख प्राप्त गरेको थियो।

जिल्लाको गाउँपालिकामध्ये पनि सबैभन्दा धेरै दोर्दी गाउँपालिकाले ४३ करोड ६९ लाख रुपियाँ पाउने भएको छ। दोर्दीले चालु आर्थिक वर्षका लागि ३८ करोड ७९ लाख रुपियाँ बजेट पाएको थियो। यसै गरी मर्स्याङ्दी गाउँपालिकाले ३७ करोड ३२ लाख पाउने भएको छ। मर्स्याङ्दी गाउँपालिकाले चालु आर्थिक वर्षमा ३२ करोड ६०लाख रुपियाँ पाएको थियो।

जिल्लाको विकटमध्येको दूधपोखरी गाउँपालिकाले भने आगामी आर्थिक वर्षका लागि २५ करोड ५३ लाख रुपियाँ पाउने भएको छ। चालु आर्थिक वर्षमा दूधपोखरी गाउँपालिकाले २० करोड ९२ लाख रुपियाँ विनियोजन भएको थियो।

आगामी आर्थिक वर्षका लागि जिल्लामा सबैभन्दा थोरै बजेट क्होलासोँथार गाउँपालिकाले पाउने भएको छ। क्होलासोँथारका लागि २५ करोड २९ लाख रुपियाँ विनियोजन भएको हो। सो गाउँपालिकामा चालु आर्थिक वर्षमा भने २३ करोड २२ लाख बजेट पाएको थियो। चारवटा नगरपालिका र चार गाउँपालिका रहेको लमजुङमा नगरपालिकाहरूका लागि मात्रै एक अर्ब ८५ करोड ६० लाख रुपियाँ विनियोजन भएको छ भने गाउँपालिकाको लागि एक अर्ब ३१ करोड ८३ लाख रुपियाँ विनियोजन भएको छ।

## सिटिजन्स बैंकको रेमिटेन्स सेवा मोबाइल बैंकिङ्ग एपमा

**काठमाडौं, (नेस)**

डिजिटल बैंकिङ्गलाई सधैं प्राथमिकतामा राख्दै आएको सिटिजन्स बैंक इन्टरनेसनलले आफ्ना ग्राहकहरूलाई डिजिटल माध्यमको प्रयोग गरी विभिन्न सेवा सुविधा प्रदान गर्ने क्रममा सिटिजन्स मोबाइल बैंकिङ्ग एपबाट रेमिटेन्स सेवाको सुरुवात गरेको छ।

अब बैंकका ग्राहकले नेपालभरि आन्तरिक विप्रेषण पठाउन तथा प्राप्त गर्न साथै विदेशबाट पठाएको पैसा सिटिजन्स मोबाइल बैंकिङ एप प्रयोग गरी देशको जुनसुकै स्थानमा सुरक्षित एंव सुलभ ढंगबाट प्राप्त गर्न सक्ने बैंकले जनाएको छ। यस सेवा प्रयोग गरी ग्राहकले बैंक खातामा सोझै रकम जम्मा गर्न वा बैंकको १७४ वटा शाखा तथा १२ हजारभन्दा बढी एजेन्ट/सब- एजेन्ट बाट नगदै प्राप्त गर्न मिल्ने सुविधा प्राप्त गर्न सक्ने बैंकले जनाएको छ।


### सिष्णबहादुर रानाको नाउँमा ३५ दिने सूचना

(प्रकाशित मितिः २०७९ जेठ २० गते शुक्रबार)

मेरो नाउँमा ल.पु जिल्ला, ल.पु मालपोत कार्यालयमा दर्ता कायम भएको ल.पु.म.न.पा, वडा नं ३, कि.नं ४५५ को जग्गामा बनेको घरको चार सटर मध्ये पूर्वतर्फबाट दोस्रो सटर पसल कवल जुम्ला जिल्ला, तलिउम- ९ बस्ने अन्दाजी वर्ष २८ को सिष्णबहादुर रानाले २०७७ माघ १ गतेदेखि २०७८ पौष ३१ गतेसम्मको लागि बहालमा लिने सम्झौता गरी रारा अर्गानिक सप्लार्यसको पसल सञ्चालन गर्दै आएको र निज २०७८ मंसिदेखि बिना जानकारी सटर पसल कवलमा ताला लगाई बेपत्ता भएको र सम्पर्क गर्न पटक पटक प्रयास गर्दा पनि हालसम्म सम्पर्क हुन नसकेकोले हाल तपाई बसेको पसल कवल मलाई नै आवश्यक हुँदा यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र मलाई तिर्नुपर्ने घरबहाल र कम तिरेर आफ्नो सामान लिएर जान यो सूचना प्रकाशित गरेको छु । अन्यथा कानून बमोजिम कारवाही प्रक्रिया अघि बढाउने पनि जानकारी गराउँदछु ।

प्रसाद ज्ञवाली

घरधनी

सम्पर्क नं **९८५१०४८८०६**

### निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

श्री पाल सिं तमाङको नाति, श्री पुर्ण सिं तमाङ भन्ने पुर्ण बहादुर तमाङको छोरा, प्रदेश नं. ४, तनहुँ जिल्ला, भानु नगरपालिका वडा नं. ११ बस्ने **श्री दल बहादुर तमाङ** भन्ने **मन बहादुर तमाङ**ले यस शाखामा बचत खाता नं. २१८१५२४९९००६८१ संचालन गर्दै आउनु भएकोमा मिति २०७८/०६/२१ मा निज खातावाला दल बहादुर तमाङ भन्ने मन बहादुर तमाङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको जेठो छोरा **दुर्गा बहादुर तमाङ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **श्री दल बहादुर तमाङ** भन्ने **मन बहादुर तमाङ**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको आँबुखैरेनी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
आँबुखैरेनी शाखा, तनहुँ, फोन नम्बर ०६५-५४०५५७, फ्याक्सः ०६५-५४०५५६

### निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

श्री सुर्ज नारायण श्रेष्ठको नाति, श्री हर्क बहादुर श्रेष्ठको छोरा, बागमती प्रदेश, रामेछाप जिल्ला, उमाकुण्ड गा.पा. वडा नं. ७ बस्ने **श्री लाल बहादुर गुरुङ** भन्ने **लाल बहादुर श्रेष्ठ**ले यस शाखामा पेन्सन खाता नं. २३७१५२४०३०३०४८ संचालन गर्दै आउनु भएकोमा मिति २०७८/२/१४ मा निज खातावाला श्री लाल बहादुर गुरुङ भन्ने लाल बहादुर श्रेष्ठको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने **श्री विष्णु कुमार श्रेष्ठ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **श्री लाल बहादुर गुरुङ** भन्ने **लाल बहादुर श्रेष्ठ**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
ठमेल शाखा कार्यालय, फोन नम्बरः ०१-४४१८५८२, फ्याक्सः ०१-४४१८४५३

### निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

श्री कोत्मे गुरूङको नाति, श्री वुधे गुरूङको छोरा, प्रदेश नं. ४ लमजुङ जिल्ला, दुधपोखरी गाउँपालिका वडा नं. १ बस्ने **श्री डिल बहादुर गुरूङ**ले यस शाखामा बचत खाता नं. २१८१५२४९९००५३९ संचालन गर्दै आउनु भएकोमा मिति २०७८/१०/२० मा निज खातावाला श्री डिल बहादुर गुरूङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने **श्रीमती जमाया गुरूङ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **श्री डिल बहादुर गुरूङ**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको आँबुखैरेनी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
आँबुखैरेनी शाखा, तनहुँ, फोन नम्बर ०६५-५४०५५७, फ्याक्सः ०६५-५४०५५६

**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**सिन्धुपाल्चोक, नेपाल**

**सुनखानी-सांग्वा सडकको १५ कि.मि. (Ch ४+३८० देखि Ch १९+३८० कि.मि.) खण्डको स्तरवृद्धि गर्ने कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी**

**सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७९/०२/२०

बागमती प्रदेश, दोलखा जिल्ला, कालिन्चोक गाउँपालिकामा, पूर्वाधार विकास कार्यालय. सिन्धुपाल्चोकद्वारा निम्न बमोजिमका प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम | भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, बागमती प्रदेश, सिन्धुपाल्चोक |
|---|---|
| प्रस्तावको व्यहोरा | प्रस्ताव मुलभूत रुपमा सुनखानी-सांग्वा सडकको १५ कि.मि. (Ch ४+३८० देखि Ch१९+३८० कि.मि.) खण्डको स्तरवृद्धि लागि रहेको छ, यसलाई अस्फाल्ट कंक्रिटको प्रयोग गरी पक्की गर्न लागिएको हो । स्तरवृद्धि गरिएको स्थानमा यसको क्यारियेजवे (Carriageway) चौडाई ३.७५ मि. र सोल्जर (Shoulder) को चौडाई १ मि. गरी जम्मा फोर्मेशन (Formation) चौडाई ५.७५ मि. हुनेछ । यस सडकको अधिकार क्षेत्र (Right of Way) २० मि. कायम गरिएको छ । |
| प्रभाव पर्नसक्ने जिल्ला वा गाउँपालिका | दोलखा जिल्ला, कालिन्चोक गाउँपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक तथा सांस्कृतिक र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न कालिन्चोक गाउँपालिका र यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

रायसुझावका लागि पत्राचार गर्ने ठेगानाः

| प्रस्तावकको नाम ठेगाना | परामर्शदाताको नाम ठेगाना |
|---|---|
| बागमती प्रदेश<br>भौतिक पूर्वाधार विकास मन्त्रालय<br>यातायात पूर्वाधार निर्देशनालय<br>**पूर्वाधार विकास कार्यालय**<br>सिन्धुपाल्चोक, नेपाल<br>इमेलः idosindhu@gmail.com | ग्रिड कन्सल्ट प्रा.लि.<br>नयाँ बानेश्वर, काठमाण्डौ<br>फोन नं. ०१-५१७२६९५<br>इमेलः gridconsult.consult@gmail.com |


## थुमन गाउँलाई नमुना होमस्टे बनाउने

**रसुवा, (नेस)**

स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट निर्वाचित भएका गोसाईकुण्ड गाउँपालिका-१ थुमनका वडा अध्यक्ष उर्केन छिरिङ तामाङले थुमन गाउँलाई नमुना योग्य होमस्टे बनाउने बताउनुभएको छ।

गोसाईकुण्ड गाउँपालिका-१ थुमन पर्यटकीय क्षेत्र भएकाले यहाँको धर्म संस्कृति तामाङ परम्परालाई विशेष प्राथमिकतामा राखेर रोङ्गा थुमन सडक १२ महिना नै सञ्चालनमा ल्याइने र पुरानो सरस्वतीकुण्डलाई त्यसको पहिचान हराउन नदिन मूर्ति स्थापना गरिने बताइएको छ।

सदियौं वर्ष पुरानो नागथलीमा रहेको पुरानो गुम्वालाई पुनर्निर्माण गरी पर्यटकका लागि पर्यटन पदमार्ग निर्माण गरेर भ्युटावर निर्माणमा जोड दिई थुमन नागथलीबाट केरूङ देखिने भएकाले थुमन नागथली तारुक्षे मालागढी रूट हुने गरी केवलकार निर्माणका लागि अध्ययन गर्ने वडा अध्यक्ष उर्केन छिरिङ तामाङको प्रतिवद्वता रहेको छ।

यस थुमन गाउँमा रहेको धर्म संस्कृति र परम्परा जोगाउन स्थानीय वेशभुषाको तालिम सञ्चालन गर्ने दाहालफेदी सडकलाई प्राथमिकता दिनेलगायत समाजिक सुरक्षा भत्ता गाउँमा नै वितरण गर्ने रहेको छ।

उहाँ नेकपा एमालेबाट नयाँ अनुहारका रूपमा वडा अध्यक्षमा निर्वाचित भएसँगै थुमन गाउँलाई उत्कृष्ट होमस्टे गाउँ बनाउने र आन्तरिक तथा बाह्य पर्यटक वृद्धि गराउने तामाङको भनाइ रहेको छ।

## स्ट्यान्डर्ड चार्टर्डद्वारा ओपन नलेज नेपाललाई ३० लाख सहयोग

**काठमाडौं, (नेस)**

स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालद्वारा ओपन नलेज नेपालका किशोरी प्रोजेक्टलाई सहयोगार्थ ३० लाख ३६ हजार रुपियाँ सहयोग प्रदान गरेको छ।

किशोरी प्रोजेक्टले किशोरावस्थाका युवतीलाई आधारभूत, वित्तीय, डिजिटल र जीवनोपयोगी सीपबाट प्रोत्साहित, सशक्त एवं सुसज्जित गर्ने लक्ष्य राखेको छ।

परियोजना ७ वटै प्रदेशका १० सामुदायिक कलेजमा १ सयभन्दा बढी उच्चशिक्षा अध्ययन गरिरहेका युवतीका लागि लक्षित रहने बैंकले जनाएको छ

यसको कार्यान्वयन पक्षमा सेक्वेल फाउन्डेसनले जिम्मा लिएको छ। यो परियोजना बृहत् आर्थिक समावेशीकरणलाई प्रवर्द्धन गर्दै असमानताको सम्बोधनका लागि बैंकको विश्वव्यापी पहल 'फ्युचर्समेकर्स बाई स्ट्यान्डर्ड चार्टर्ड' सँग मिल्दोजुल्दो रहेको बैंकले जनाएको छ।

सहायता रकम बैंकका कर्पोरेट अफेयर्स, ब्रान्ड एन्ड मार्केटिङ्ग प्रमुख प्रनु सिंहद्वारा ओपन नलेज नेपालका सीईओ निकेश बलामीलाई उक्त रकम हस्तान्तरण गर्नुभएको थियो।

रकम हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो- 'विभिन्न सीपहरू सिकाउने र समाजमा आवश्यक प्रगति एवं परिवर्तन ल्याउन सहयोग गर्ने लक्ष्य लिएको ओकेएनसँग सहकार्य गर्न पाउँदा बैंक हर्षित भएको छ।'

## केरा खेतीमा बिचौलियाको मनलाग्दी मूल्य, किसान मर्कामा

**बारा, (नेस)**

कोरोना प्रभावपछि जारी लकडाउन र निषेधाज्ञाका कारण थला परेका बाराका केरा किसान अहिले थप समस्यामा परेका छन्। बिचौलियाले आफूखुसी केराको मूल्य निर्धारण गरेर केरा किन्दा किसानहरू समस्यामा परेका हुन्। कोरोनाले अन्य क्षेत्र जस्तै कृषिलाई पनि बढी असर गरेका बेला केराको मूल्य नपाउँदा किसानहरू समस्यामा परेका हुन्।

केराले स्थानीय बजार नपाउँदा बारीमै कुहिन थालेका छन्। बारीमा कहिनुभन्दा उनीहरू आफैं आफैं सडकमा पुगेर बेच्न थालेका छन्। गत चैतदेखि नै स्थानीय उत्पादनको आपेक्षकृत रूपमा बजार पाउन नसकेको हो। लागत मात्रै उठे पनि राहत मिल्नेभन्दा किसानहरू आफैं सडक बेच्न बसेको किसान जितबहादुर लोप्चनले बताउनुभयो। केरा खेतीबाट मनग्य आम्दानी गर्ने आसमा लगानी गरेका किसान अहिले निराश बनेका छन्। केरा ब्लकबाट विकसित हुँदै केरा जोनमा आइपुग्न लागेको निजगढ नगरपालिकाका किसानका खेतमा अहिले उब्जनी कम हुन थालेको छ।

बिचौलियाले दुई रूपियाँप्रति कोसा केराको मूल्य दिने गरेका कारण घटामा रहेका किसानले आफैंले बेच्दा राम्रै आम्दानी गरेको विनय राईले बताउनुभयो।

## SHARE MARKET

**2ND JUNE THURSDAY, 2022**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | 12% ICFC Finance Limited Debenture 2083 | 25.00 | 1070.00 | 1070.00 | 1070.00 | 0.00 |
| 2 | 8.5% Nepal Investment Bank Debenture 2084 | 25.00 | 848.10 | 848.00 | 848.00 | -2.00 |
| 3 | 9.5% Manjushree Finance Ltd Debenture 2085 | 100.00 | 890.50 | 888.10 | 888.10 | -2.20 |
| 4 | Aarambha Chautari Laghu Bittiya Sanstha Ltd | 595.00 | 875.00 | 840.40 | 845.00 | -13.00 |
| 5 | Agricultural Development Bank Limited | 16073.00 | 353.00 | 348.10 | 350.00 | -2.00 |
| 6 | Ajod Insurance Limited | 6151.00 | 511.00 | 485.00 | 500.00 | -11.00 |
| 7 | Ankhu Khola Jalvidhyut Company Ltd | 19027.00 | 225.90 | 220.00 | 221.40 | -2.50 |
| 8 | Api Power Company Ltd. | 49268.00 | 286.00 | 278.00 | 279.60 | -3.40 |
| 9 | Arun Kabeli Power Ltd. | 45064.00 | 465.00 | 453.00 | 454.00 | -5.00 |
| 10 | Arun Valley Hydropower Development Co. Ltd. | 57288.00 | 410.00 | 397.00 | 400.00 | -3.00 |
| 11 | Asha Laghubitta Bittiya Sanstha Ltd | 293.00 | 1300.00 | 1251.00 | 1285.00 | 35.00 |
| 12 | Asian Life Insurance Co. Limited | 44145.00 | 592.00 | 567.00 | 580.00 | -10.00 |
| 13 | Balephi Hydropower Limited | 80.00 | 153.30 | 136.80 | 153.30 | 13.90 |
| 14 | Bank of Kathmandu Ltd. | 8471.00 | 231.00 | 225.50 | 227.00 | -1.00 |
| 15 | Barun Hydropower Co. Ltd. | 10490.00 | 470.00 | 455.00 | 460.40 | -4.50 |
| 16 | Best Finance Company Ltd. | 5220.00 | 394.90 | 383.00 | 387.00 | -1.00 |
| 17 | Bishal Bazar Company Limited | 97.00 | 3611.00 | 3602.00 | 3610.00 | 9.00 |
| 18 | Bottlers Nepal (Terai) Limited | 210.00 | 13550.00 | 13279.00 | 13279.00 | -271.00 |
| 19 | Buddha Bhumi Nepal Hydropower Co Limited | 950.00 | 422.00 | 406.00 | 409.00 | -5.00 |
| 20 | Butwal Power Company Limited | 13417.00 | 357.00 | 344.00 | 346.00 | -4.00 |
| 21 | CEDB Hydropower Development Co Limited | 2968.00 | 744.40 | 716.00 | 727.00 | -3.00 |
| 22 | Central Finance Co. Ltd. | 8091.00 | 301.00 | 285.10 | 289.50 | -0.50 |
| 23 | Century Commercial Bank Ltd. | 28537.00 | 208.00 | 203.00 | 203.10 | -3.80 |
| 24 | Chandragiri Hills Limited | 1108.00 | 1132.00 | 1101.70 | 1101.80 | 1.30 |
| 25 | Chhimek Laghubitta Bittiya Sanstha Limited | 8996.00 | 1015.00 | 1005.00 | 1007.00 | -2.90 |
| 26 | Chhyangdi Hydropower Ltd. | 5605.00 | 299.00 | 290.00 | 297.00 | 3.00 |
| 27 | Chilime Hydropower Company Limited | 6623.00 | 430.00 | 417.70 | 422.00 | -4.00 |
| 28 | Citizen Bank International Limited | 15294.00 | 231.10 | 228.00 | 228.00 | -3.00 |
| 29 | Citizen Investment Trust | 8285.00 | 2575.00 | 2519.20 | 2526.00 | -19.00 |
| 30 | Citizens Mutual Fund -1 | 2900.00 | 9.20 | 8.75 | 8.75 | -0.35 |
| 31 | CITIZENS MUTUAL FUND 2 | 4722.00 | 9.15 | 9.15 | 9.15 | -0.04 |
| 32 | Civil Bank Ltd | 18378.00 | 214.20 | 207.00 | 214.20 | 3.20 |
| 33 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 1630.00 | 805.00 | 774.20 | 788.00 | -11.00 |
| 34 | Corporate Development Bank Limited | 12528.00 | 351.00 | 339.00 | 340.00 | -15.00 |
| 35 | Deprosc Laghubitta Bittiya Sanstha Limited | 2789.00 | 1003.00 | 985.00 | 993.00 | 3.00 |
| 36 | Dibyashwori Hydropower Ltd. | 1940.00 | 230.00 | 222.00 | 225.00 | 0.00 |
| 37 | Emerging Nepal Limited | 1650.00 | 743.00 | 701.40 | 724.00 | 9.00 |
| 38 | Everest Bank Limited | 8342.00 | 480.00 | 473.10 | 473.50 | -7.50 |
| 39 | Excel Development Bank Ltd. | 1628.00 | 375.00 | 368.00 | 373.00 | 1.00 |
| 40 | First Micro Finance Laghu Bittiya Sanstha Ltd | 7763.00 | 660.90 | 641.00 | 641.10 | -6.90 |
| 41 | Forward Microfinance Laghu Bittiya Sanstha Ltd | 2755.00 | 2378.90 | 2335.00 | 2335.00 | -2.00 |
| 42 | Ganapati Laghubitta Bittiya Sanstha Limited | 585.00 | 1075.00 | 1005.00 | 1013.00 | -25.00 |
| 43 | Garima Bikas Bank Limited | 14458.00 | 392.50 | 384.00 | 385.00 | -3.00 |
| 44 | General Insurance Company Nepal Ltd | 2535.00 | 444.40 | 432.20 | 432.20 | -11.80 |
| 45 | Ghalemdi Hydro Limited | 7807.00 | 229.10 | 219.60 | 222.50 | -2.20 |
| 46 | Global IME Bank Limited | 22711.00 | 290.00 | 285.10 | 286.00 | -2.00 |
| 47 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 2540.00 | 1280.00 | 1220.10 | 1231.00 | -34.00 |
| 48 | Global IME Samunnat Scheme-1 | 75581.00 | 11.00 | 10.80 | 11.00 | 0.10 |
| 49 | Goodwill Finance Limited | 3307.00 | 435.00 | 422.10 | 425.00 | -2.00 |
| 50 | Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd. | 4940.00 | 816.00 | 769.30 | 782.00 | -17.70 |
| 51 | Green Development Bank Ltd. | 849.00 | 250.00 | 245.00 | 245.00 | -2.00 |
| 52 | Green Ventures Limited | 5733.00 | 279.40 | 269.10 | 271.00 | -5.00 |
| 53 | GreenLife Hydropower Limited | 435.00 | 368.00 | 361.00 | 366.00 | -3.00 |
| 54 | Guheshowori Merchant Bank & Fin Co. Ltd. | 2360.00 | 290.70 | 282.00 | 284.00 | -1.00 |
| 55 | Gurans Laghubitta Bittiya Sanstha Limited | 320.00 | 1055.00 | 1019.50 | 1033.20 | 33.60 |
| 56 | Gurkhas Finance Ltd. | 11255.00 | 412.90 | 399.10 | 399.10 | -5.90 |
| 57 | Himal Dolakha Hydropower Company Limited | 17323.00 | 227.40 | 218.00 | 220.00 | 0.80 |
| 58 | Himalaya Urja Bikas Company Limited | 19098.00 | 276.40 | 250.00 | 260.00 | -11.00 |
| 59 | Himalayan Distillery Limited | 9407.00 | 3358.00 | 3260.00 | 3265.00 | -30.00 |
| 60 | Himalayan Power Partner Ltd. | 4110.00 | 383.00 | 364.00 | 364.00 | 0.00 |
| 61 | Hydorelectricity Investment and Dev Co Ltd | 53609.00 | 230.00 | 225.00 | 227.00 | 1.00 |
| 62 | ICFC Finance Limited | 16837.00 | 437.50 | 423.00 | 425.00 | -4.00 |
| 63 | IME General Insurance Ltd. | 14166.00 | 448.80 | 422.00 | 435.00 | -5.00 |
| 64 | Infinity Laghubitta Bittiya Sanstha Limited | 1674.00 | 960.00 | 933.00 | 938.00 | -12.00 |
| 65 | Jalpa Samudayik Laghubitta Bittiya Sanstha Ltd | 2133.00 | 2235.00 | 2175.00 | 2199.90 | -10.10 |
| 66 | Janaki Finance Ltd. | 6558.00 | 392.00 | 380.00 | 384.00 | -5.00 |
| 67 | Janautthan Samudayic Laghu Bikas Bank Ltd. | 840.00 | 1880.00 | 1871.00 | 1875.00 | -25.00 |
| 68 | Jeevan Bikas Laghubitta Bittya Sanstha Ltd | 2202.00 | 2899.80 | 2840.00 | 2840.00 | -9.00 |
| 69 | Joshi Hydropower Development Company Ltd | 5482.00 | 226.80 | 222.00 | 224.80 | 2.40 |
| 70 | Jyoti Bikas Bank Limited | 14955.00 | 327.00 | 318.50 | 320.00 | -2.00 |
| 71 | Jyoti Life Insurance Company Limited | 5146.00 | 409.00 | 395.10 | 400.00 | -4.00 |
| 72 | Kalika Laghubitta Bittiya Sanstha Ltd | 1324.00 | 1164.00 | 1120.00 | 1140.90 | -27.10 |
| 73 | Kalika power Company Ltd | 1435.00 | 414.00 | 395.10 | 395.30 | -11.70 |
| 74 | Kamana Sewa Bikas Bank Limited | 10906.00 | 388.90 | 373.00 | 377.00 | -3.00 |
| 75 | Karnali Development Bank Limited | 3980.00 | 276.00 | 266.00 | 268.00 | -2.00 |
| 76 | Khanikhola Hydropower Co. Ltd. | 6081.00 | 227.30 | 218.00 | 221.00 | -2.00 |
| 77 | Kisan Lagubitta Bittiya Sanstha Limited | 5632.00 | 1245.00 | 1210.00 | 1210.00 | 9.00 |
| 78 | Kisan Lagu Bittiya Sanstha Limited Pro Share | 32000.00 | 671.00 | 671.00 | 671.00 | 0.00 |
| 79 | Kumari Bank Limited | 15702.00 | 214.00 | 209.50 | 210.00 | -1.00 |
| 80 | Kumari Equity Fund | 4050.00 | 9.00 | 8.85 | 8.89 | -0.11 |
| 81 | Laxmi Bank Limited | 7399.00 | 222.00 | 218.00 | 220.20 | -1.30 |
| 82 | Laxmi Equity Fund | 2200.00 | 10.12 | 10.00 | 10.12 | -0.08 |
| 83 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 549.00 | 1227.00 | 1215.00 | 1217.00 | -17.00 |
| 84 | Laxmi Unnati Kosh | 1000.00 | 9.55 | 9.55 | 9.55 | -0.05 |
| 85 | Liberty Energy Company Limited | 9480.00 | 270.00 | 255.80 | 270.00 | 4.00 |
| 86 | Life Insurance Corporation (Nepal) Limited | 14307.00 | 1330.00 | 1275.00 | 1297.90 | -31.10 |
| 87 | Lumbini Bikas Bank Ltd. | 12850.00 | 384.00 | 372.00 | 376.00 | -2.00 |
| 88 | Lumbini General Insurance Co. Ltd. | 10404.00 | 463.90 | 435.50 | 463.90 | 17.90 |
| 89 | Machhapuchhre Bank Limited | 16550.00 | 270.00 | 264.60 | 264.60 | -2.40 |
| 90 | Madhya Bhotekoshi Jalavidyut Com Limited | 6463.00 | 280.00 | 268.00 | 268.00 | -5.00 |
| 91 | Mahalaxmi Bikas Bank Ltd. | 18705.00 | 385.00 | 375.10 | 376.00 | -2.00 |
| 92 | Mahila Lagubitta Bittiya Sanstha Limited | 454.00 | 3460.00 | 3430.00 | 3450.00 | 20.00 |
| 93 | Mahuli Laghubitta Bittiya Sanstha Limited | 110.00 | 1180.00 | 1140.50 | 1140.50 | -22.50 |
| 94 | Mailung Khola Jal Vidhyut Company Limited | 3000.00 | 517.70 | 487.40 | 509.90 | -18.10 |
| 95 | Manakamana Smart Laghu Bittiya Sanstha Ltd | 100.00 | 916.00 | 913.20 | 916.00 | -13.00 |
| 96 | Manjushree Finance Ltd. | 8764.00 | 455.00 | 440.00 | 446.00 | 0.00 |
| 97 | Manushi Laghubitta Bittiya Sanstha Limited | 346.00 | 1120.00 | 1100.00 | 1102.00 | -8.00 |
| 98 | Mega Bank Nepal Ltd. | 86865.00 | 242.00 | 235.40 | 237.00 | 3.00 |
| 99 | Mega Bank Nepal Ltd. Promoter Share | 103873.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 100 | Mega Mutual Fund -1 | 17850.00 | 8.39 | 8.05 | 8.06 | -0.04 |
| 101 | Mero Microfinance Bittiya Sanstha Ltd. | 2145.00 | 880.00 | 853.00 | 859.00 | -4.00 |
| 102 | Mirmire Microfinance Development Bank Ltd. | 811.00 | 1122.90 | 1096.00 | 1122.90 | 5.00 |
| 103 | Miteri Development Bank Limited | 3708.00 | 389.00 | 381.00 | 386.00 | 1.00 |
| 104 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 437.00 | 1245.00 | 1220.10 | 1220.10 | -24.90 |
| 105 | Mountain Energy Nepal Limited | 5685.00 | 967.00 | 901.50 | 962.00 | 12.00 |
| 106 | Mountain Hydro Nepal Limited | 417643.00 | 324.00 | 288.00 | 320.00 | 12.90 |
| 107 | Muktinath Bikas Bank Ltd. | 14413.00 | 455.00 | 443.00 | 445.00 | -1.50 |
| 108 | Multipurpose Finance Company Limited | 1820.00 | 255.00 | 245.00 | 249.00 | -1.00 |
| 109 | NABIL BALANCED FUND-2 | 59983.00 | 10.58 | 10.50 | 10.58 | 0.00 |
| 110 | Nabil Balanced Fund-3 | 31592.00 | 8.50 | 8.30 | 8.30 | -0.15 |
| 111 | Nabil Bank Limited | 36911.00 | 883.90 | 858.00 | 861.90 | -5.10 |
| 112 | Nabil Debenture 2085 | 30.00 | 820.00 | 819.90 | 819.90 | -1.10 |
| 113 | Nabil Equity Fund | 37104.00 | 10.25 | 10.15 | 10.15 | -0.05 |
| 114 | Narayani Development Bank Limited | 2350.00 | 390.00 | 376.00 | 381.00 | -8.00 |
| 115 | National Hydro Power Company Limited | 43435.00 | 270.00 | 261.50 | 261.50 | -2.50 |
| 116 | National Life Insurance Co. Ltd. | 5233.00 | 628.90 | 613.00 | 613.00 | -12.00 |
| 117 | National Microfinance Laghu Bittiya Sanstha Ltd | 2580.00 | 1939.00 | 1877.00 | 1877.00 | -25.00 |
| 118 | Naya Sarathi Laghubitta Bittiya Sanstha Limited | 215.00 | 875.00 | 844.00 | 846.80 | -19.10 |
| 119 | Neco Insurance Limited | 8119.00 | 725.00 | 700.00 | 714.00 | -5.30 |
| 120 | Nepal Bank Limited | 33731.00 | 302.90 | 296.00 | 298.00 | -1.00 |
| 121 | Nepal Credit And Commercial Bank Limited | 94954.00 | 220.60 | 212.70 | 216.50 | -2.50 |
| 122 | Nepal Doorsanchar Company Limited | 29228.00 | 945.00 | 900.00 | 915.00 | -16.00 |
| 123 | Nepal Finance Ltd. | 6152.00 | 307.00 | 295.20 | 296.00 | 0.00 |
| 124 | Nepal Hydro Developers Ltd. | 8923.00 | 405.80 | 390.00 | 390.00 | -8.00 |
| 125 | Nepal Infrastructure Bank Limited | 50586.00 | 279.00 | 271.00 | 271.10 | -3.40 |
| 126 | Nepal Insurance Co. Ltd. | 4367.00 | 519.80 | 488.00 | 499.00 | -1.00 |
| 127 | Nepal Investment Bank Limited | 87488.00 | 308.90 | 299.00 | 299.10 | -7.90 |
| 128 | Nepal Investment Bank Ltd. Promoter Share | 60.00 | 348.40 | 320.00 | 320.00 | -35.50 |
| 129 | Nepal Life Insurance Co. Ltd. | 22279.00 | 839.90 | 811.00 | 815.00 | -9.00 |
| 130 | Nepal Reinsurance Company Limited | 15113.00 | 821.00 | 794.20 | 795.00 | -10.20 |
| 131 | Nepal SBI Bank Limited | 5191.00 | 302.00 | 299.00 | 299.80 | -3.20 |
| 132 | Nerude Laghubitta Bittiya Sanstha Limited | 622.00 | 970.00 | 939.00 | 957.00 | -1.00 |
| 133 | NESDO Sambridha Laghu Bittiya Sanstha Ltd | 4530.00 | 2310.00 | 2205.00 | 2215.00 | -45.00 |
| 134 | Ngadi Group Power Ltd. | 15741.00 | 586.00 | 572.40 | 577.00 | 2.00 |

**Total Amount Rs. 1,161,514,169 Total Quantity 3,566,819 Total No of Transactions 21,833**

# इटालीलाई हराउँदै अर्जेन्टिना च्याम्पियन




**लन्डन, (एजेन्सी)**

कोपा अमेरिकाको उपाधि विजेता अर्जेन्टिनाले युरोपेली च्याम्पियन इटालीलाई पराजित गर्दै फाइनलिसिमाको च्याम्पियन बनेको छ।

बुधबार राति भएको खेलमा कप्तान लिओनेल मेसीले उत्कृष्ट प्रदर्शन गर्दा अर्जेन्टिनाले युरो २०२१ का च्याम्पियन इटालीमाथि ३-० गोलअन्तरको सहज जित दर्ता गरेको हो। युरोपेली फुटबलको सर्वोच्च निकाय (यूईएफए) र दक्षिण अमेरिकी कन्मेबलबीच डिसेम्बर २०२१ मा भएको सम्झौताअनुसार उक्त खेल भएको हो। जसअनुसार दक्षिण अमेरिकी च्याम्पियन र युरोपेली च्याम्पियन म्याच खेल्ने टुङ्गो लागेको थियो।

दक्षिण अमेरिकी च्याम्पियन अर्जेन्टिनालाई जित दिलाउन लाउटारो मार्टिनेज, एन्जल डी मारिया र पाउलो डिबालाले एक-एक गोल गरेका थिए। अर्जेन्टिनाको आक्रमणमा अधिकांश समय चलायमान देखिएका मेसीले दुई असिस्ट दिंदा मार्टिनेजले पनि एक गोलका लागि योगदान गरे। इंग्ल्यान्डको वेम्बली रंगशालामा पहिलो हाफमा नै अर्जेन्टिनाले २-० को अग्रता लिएको थियो। खेलको २८औं मिनेटमा अर्जेन्टिनाले मार्टिनेजको गोलमा अग्रता लिएको थियो। लिओनेल मेसीको कटब्याक पासमा मार्टिनेजले ६ यार्ड पेनाल्टी बक्सभित्र अनमार्क रहेको अवस्थामा सहजै गोल गरे।

पहिलो हाफको इन्ज्युरी समयमा डी मारियाले अग्रता दोब्बर पारे। उनले मार्टिनेजको थ्रू बललाई पेनाल्टी क्षेत्र भित्रबाट उत्कृष्ट चिप प्रहार गर्दै गोल गरे। दोस्रो हाफको इन्ज्युरी समयमा डिबालाले गोल गर्दै सहज जित पक्का गरे। मेसीले अगाडि बढाएको बललाई डिबालाले पेनाल्टी क्षेत्र भित्रबाट प्रहार गर्दै गोल गरेका थिए। इटालीको डिफेन्सले फितलो प्रदर्शन गर्दा अर्जेन्टिनाले सहज जित दर्ता गरेको हो।

इटालीले सन् २०२१ जुनमा घरेलु टोली इंग्ल्यान्डलाई पराजित गर्दै युरो कपको उपाधि जितेको थियो। इटालीले टाइब्रेकरमा ३-२ को जित हासिल गरेको थियो। लगत्तै जुलाई २०२१ मा अर्जेन्टिनाले साविक विजेता ब्राजिललाई हराएको थियो। अर्जेन्टिनाले १-० ले उक्त फाइनल जित्दा कप्तान लिओनेल मेसीले पहिलो अधिकारिक अन्तर्राष्ट्रिय उपाधि जितेका थिए।

# सिमराको विजयी शुरुआत



**नेपाल समाचारपत्र, हेटौंडा**

चौथो संस्करणको स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप प्रतियोगितामा सिमराको नवजनजागृति क्लबले विजयी शुरूवात गरेको छ।

हेटौंडा-५ स्थित पिप्ले रंगशालामा भएको उद्घाटन खेलमा सर्लाहीको वागमती युवा क्लबलाई २-० गोलअन्तरले पराजित गर्दै सिमराले विजयी शुरूवात गरेको हो। नवजनजागृतिका लागि खेलको ८ औं मिनेट विवेक चौधरीले गोल गर्दै अग्रता दिलाए। खेलको दोस्रो हाफको ३४ औं मिनेटमा सिमराका कृपाकान्त चौधरीले गरेको गोल विजयी गोल बन्यो। सर्लाहीले खेलमा केही राम्रा अवसर पाए पनि गोल निकाल्न नसक्दा निराश हुँदै घर फर्किन बाध्य भएको छ।

प्रतियोगितामा सिमराका विवेक चौधरीले म्यान अफ दी म्याच घोषित हुँदै १० हजार प्राप्त गर्दा सिमरा प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गरेको छ। शुक्रबार चितवनको बीएफसी क्लब र काठमाडौंको चर्च ब्वाइज क्लबबीच खेल हुने आयोजक मकवानपुर जिल्ला फुटबल संघले जनाएको छ।

मकवानपुर फुटबल संघको आयोजनामा स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप प्रतियोगिता बिहीबार हेटौंडामा शुरू भएको हो। आयोजक मकवानपुर जिल्ला फुटबल संघ अध्यक्ष टीकाराम लामाको सभाध्यक्षता एवम् प्रतियोगिता संयोजक प्रताप बिष्टको संयोजकत्वमा भएको उद्घाटन समारोहमा वागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको प्रमुख आतिथ्यता थियो।

जेठ ३० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा १२ क्लबले सहभागिता जनाएका छन्। प्रतियोगितामा विभागीय क्लब नेपाल आर्मी क्लब, नेपाल पुलिस क्लब, सशस्त्र प्रहरीको एपीएफ, मनाङ मर्स्याङ्दी क्लब, फ्रेण्डस्, खुमलटार युथ क्लब, सिमरा, सर्लाहीको वागमती युवा क्लब, विजय युथ क्लब हेटौंडा, चितवन-११, चर्च ब्वाइज क्लब र क्यामरुनको एभिनियर एफसी सहभागी रहेको आयोजकले बताएको छ।

प्रतियोगिता विजेताले १५ लाख र उपविजेताले १० लाख रुपियाँसहित ट्रफी प्राप्त गर्नेछन्। अघिल्लो वर्षभन्दा यस वर्ष पुरस्कार राशि वृद्धि गरिएको छ। अघिल्लो वर्ष विजेताले १० लाख र उपविजेताले ५ लाख रुपियाँ प्राप्त गरेका थिए। प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई बुलेट मोटरसाइकल तथा विधागत् उत्कृष्ट खेलाडी र प्रशिक्षकले जनही २५ हजार प्राप्त गर्नेछन्। प्रतियोगिताका लागि करिब १ करोड १७ लाख खर्च हुने अनुमान गरिएको आयोजकले बताएको छ। अघिल्लो संस्करणमा नेपाल आर्मी च्याम्पियन हुँदा घरेलु टिम उपविजेता बनेको थियो।

प्रतियोगितालाई मकवानपुरका १० वटै स्थानीय तहले आर्थिक सहयोग गरेका छन्। प्रतियोगिताका लागि हेटौंडा उपमहानगरपालिकाले २५ लाख, थाहा नगरपालिकाले १० लाख र अन्य ८ गाउँपालिकाले ५/५ लाख सहयोग गरेका छन्।

२०६२-०६३ को जनआन्दोलनका शहीदको स्मृतिमा २०६४ सालमा हेटौंडामा पहिलो पटक जिल्ला फुटबल संघ मकवानपुरले राष्ट्रिय फुटबल प्रतियोगिता गरेको थियो। उक्त पहिलो पहिलो संस्करणको उपाधि थ्रीस्टार क्लबले जितेको थियो भने २०७५ मा भएको दोस्रो संस्करणको उपाधि घरेलु टोली मकवानपुर-११ ले जितेको थियो।

# युक्रेनको सहज जित

**लन्डन, (एजेन्सी)**

युक्रेनले यसै वर्ष कतारमा आयोजना हुने फिफा विश्वकप कतार २०२२ को छनोट खेलमा सहज जितको नतिजा निकालेको छ।

युरोपेली विश्वकप छनोटअन्तर्गत सेमिफाइनलमा स्कटल्यान्डलाई ३-१ गोलअन्तरले पराजित गर्दै युक्रेनले प्ले अफको फाइनलमा प्रवेश गर्दै विश्वकपमा पुग्ने सम्भावनालाई बलियो बनाएको हो। यो खेल गत मार्चमै हुनुपर्ने भए पनि रसियाले युक्रेनमाथि आक्रमण गरेपछि खेल स्थगित हुँदै आएको थियो। अब युक्रेनले फाइनल प्ले अफमा वेल्सको सामना गर्नेछ। यो खेल आइतबार राति कार्डिफमा हुनेछ। उक्त खेलमा सफल भएमा युक्रेन विश्वकपमा छनोट हुनेछ। कतार विश्वकपका लागि हालसम्म २९ राष्ट्र छनोट भइसकेको छ। अब वेल्स र युक्रेन, अस्ट्रेलिया र युएईविरुद्ध पेरु तथा कोस्टारिका र न्युजिल्यान्डमध्येबाट तीन राष्ट्र छनोट हुन बाँकी छ।

हाम्पडेन पार्क ग्लास्गोमा बुधबार राति भएको खेलमा युक्रेनको जितमा एन्ड्री यार्मोलेन्को, रोमन यारेमचुक र अर्टि डोभ्यकले गोल गरे। स्कटल्यान्डका कलुम म्याकग्रेगरले एक गोल फर्काए। खेलको ३३औं मिनेटमा एन्ड्री यार्मोलेन्कोले रुस्लान मालिनोभ्स्कीको पासमा गोल गर्दै युक्रेनलाई सुरुवाती अग्रता दिलाए। खेलको ४९औं मिनेटमा रोमन यारेमचुकले गोल गर्दै युक्रेनको अग्रता दोब्बर पारे। उनले एलेक्सान्डर काराभाइवको पासमा गोल गर्न सफल भएका थिए। ७९औं मिनेटमा कलुम म्याकग्रेगरले गोल गर्दै खेललाई २-१ को अवस्थामा ल्याए। त्यसपछि इन्ज्युरी समयको थप गरिएको पाँचौं मिनेटमा अर्टिमले ओलेक्सन्डर जिनचेन्कोको पासमा गोल गर्दै युक्रेनलाई सहज जित दिलाए। युक्रेनसँगको हारसँगै स्कटल्यान्डको विश्वकप खेल्ने सपना समाप्त भएको छ।

# स्वायाटेक फ्रेन्च ओपन फाइनलमा

**पेरिस, (एजेन्सी)**

विश्व नम्बर एक खेलाडी आइगा स्वायाटेक फ्रेन्च ओपनको महिला सिंगल्सतर्फ फाइनलमा पुगेकी छन्। पोलिस खेलाडीले बिहीबार भएको सेमिफाइनल खेलमा डारिया कासाटकिनालाई सीधा सेटमा हराएकी हुन्। उनलाई सो खेल जित्न कुनै कठिनाई भएन। २०औं वरीयता प्राप्त रुसी खेलाडी डारियालाई उनले ६-२, ६-१ ले पराजित गरेकी हुन्। यो उनको दोस्रो ग्राण्डस्लाम फाइनल पनि हो। उनले यसअघि २०२० को संस्करणमा फ्रेन्च ओपनमा उपाधि जितेकी थिइन्।



स्वायाटेकको यो लगातार ३४औं जित पनि हो। लगातार धेरै संख्यामा जित हासिल गर्ने सूचीमा उनले अमेरिकी खेलाडी सेरेना विलियम्ससँग बराबरी गरेकी छन्। यो सूचीमा अमेरिकी पूर्वखेलाडी मार्तिना नाभ्रातिलोभा शीर्ष स्थानमा रहेकी छन्। पहिले चेकबाट खेलेकी र पछि अमेरिकी नागरिक भएर खेलेकी मार्तिनाले सन् १९८४ मा लगातार ७४ खेलमा जित हासिल गरेकी थिइन्।

उक्त सूचीमा यसपछि जर्मनीकी स्टेफी ग्राफ रहेकी छन्। ग्राफले सन् १९८९-९० मा लगातार ६६ खेलमा जित हासिल गरेकी थिइन्। ग्राफ पनि हाल अमेरिकामै बसोबास गर्छिन्। उनले अमेरिकी पूर्वखेलाडी आन्द्रे आगासीसँग बिहे गरेपछि जर्मनी छाडेकी हुन्। यस्तै, मार्तिनाले १९८६-८७ मा पनि लगातार ५८ जित प्राप्त गरेकी थिइन्। यसपछि, भेनस विलियम्सले २००० मा ३५ लगातार जितको कीर्तिमान बनाएकी थिइन्।

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**११ किलो छेपेटार-भालुस्वाँरा-वारपाक सडक योजना**
**गोरखा**

**बोलपत्र स्वीकृतिका लागि आशयको सूचना**

यस योजनाको मिति २०७८।११।२५ मा सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित सूचना नं. **०४-०७८।७९** अन्तगर्त पर्न आएका सिलबन्दी बोलपत्रहरुको मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | ठेक्का स्वीकृत भएको फर्मको नाम | कबोल अंक (मु.अ.कर र पि.एस. समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १. | 11CRP/33701176-4/078/79-14 | Upgrading of Road with Bituminous Asphalt and Structural work (0+000-9+100) on Gorkha 1 Gandaki Ga.Pa. 5 Darbung Phat Lakuribot Dalbhanjyang Road, Gorkha Road | Rayamajhi-Newa Kantipur JV, Maharajgunj, Kathmandu. | 28,04,92,174.28 | |
| २. | 11CRP/33701176-4/078/79-15 | Upgrading of Road with Bituminous Asphalt with Structural works (Takukot-Hudikhola) & Earthworks & Structural works (Pokhari to Barpak) on Ghyampesal - Takukot-Hudikhola-Swara-Saurpani-Ranchok-Pokhari-Barpak Road | PR/Nana/ Renaissance JV, Balkumari- 8, Kathmandu. | 29,20,44,055.34 | |

**योजना प्रमुख**

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने बारेको सार्वजनिक सूचना (सूचना प्रकाशित मितिः २०७९/०२/२०)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक अन्नपूर्ण पोष्टमा मिति २०७८/१०/०३ गते र पुनः २०७८/१२/०७ गते राष्ट्रिय दैनिक राजधानी पत्रिकामा धितो लिलाम गरिने बारेको सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसील**

धितो लिलाम बिक्री हुने मिति : २०७९ साल अषाढ महिना २७ गते
सम्बन्धित कार्यालय तथा धितो लिलाम हुने स्थान : शाखा कार्यालय मिल्सएरिया, जनकपुर
**ग्राहकको नामः श्री कृष्णा बस्त्रालय** प्रो. बिजय साह तेली, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, जनकपुर, फर्मको दर्ता नं. १३३५/५३६/०६५।०६६ दर्ता मितिः २०६६/०१/०७ पान नं. ३०१९४५४०८

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | न्यूनतम मूल्य रु. | फोटो |
|---|---|---|---|---|---|---|---|---|
| ब्यापार कर्जा | लक्ष्मीनिया देवी साह | धनुषा | जनकपुर | ०७ | १११ | ०-०-९-३ घर समेत | ७३,०६,०००/- |  |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे | फोटो |
|---|---|---|---|---|---|---|
| बिजय साह तेली | जनकपुर ०४ | ०९३४२५२८ | धनुषा मितिः २०५१।१२।२२ जिल्ला प्रशासन कार्यालय धनुषा | छोटकन साह तेली | जिबछ साह |  |

ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| लक्ष्मीनिया देवी साह | बसहिया ०६ हाल जनकपुर ०४ | ०९३४१७४२ | धनुषा २०५६।०१।१९ जिल्ला प्रशासन कार्यालय धनुषा | बिजय साह तेली, रामदेव साह | छोटकन साह तेली |

**शर्तहरु :**

१) धितो लिलाम तोकीएको दिन सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा ३(तीन) जना भन्दा कम ब्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखि जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा अनुगमन तथा असुली विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं।**



# हामी आफैँ विभाजित छौँ: कलाकारहरू

कलाकारहरु राजनैतिक पार्टीमा आवद्ध भए पनि त्यो कलाक्षेत्रकै लागि हुने गरेको र सबैजना एकजुट भएर अघि बढेमात्र यो क्षेत्रको उन्नती गर्न सकिने बताएका छन्।

बुधबार परिवर्तन नेपालद्वारा राजधानीमा आयोजित *हरितारा चलचित्र पुरस्कार, श्री दुर्गादेवी पुण्य निरौला स्मृति पुरस्कार, चेतन कार्की स्मृति पुरस्कार* र *परिवर्तन सम्मान प्रदान समारोह*मा कलाकारहरुले कला र फिल्म क्षेत्रभित्रै आन्तरिक द्धन्द भएकाले यो क्षेत्र माथि उठ्न नसकेको बताए।

कार्यक्रममा बोल्दै अभिनेता तथा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट काठमाडौं महानगर पालिकाको मेयर पदका लागि उम्मेदवारी दिएका मदनदास श्रेष्ठले फिल्मकर्मीहरु आफैंमा विभाजित भएको बताए। 'हामी आफैंमा विभाजित छौं। कलाकार भनेको खुला आकाश हो। तर राजनीतिक दलले कलाकारहरुलाई विभाजन गरिरहेका छन्' उनलेभने 'खुला आकाशलाई किन विभाजन गने '? कोही कलाकार कुनै दलमा भएकै कारण कुनै ठाउँको कुनै पद उसलाई किन दिने भनेर प्रश्न गरिन्छ, भाँजो हालिन्छ। एउटा दलमा भएको कलाकारले अर्को दलमा भएको कलाकारको नाम आएर त्यसलाई किन त्यो पद दिने भनेर रोक्छ। चलचित्र बोर्ड र सांस्कतिक संस्थानमा चाँडै नै प्रमूख पद खाली हुँदैछ। यसका लागि अहिले नै दौडधूप शुरु भएको छ। हामी आफैंमा नमिलेसम्म यो क्षेत्रका लागि केही गर्न कठिन हुनेछ।'

पछिल्लो समयमा नेपाली काँग्रेसमा प्रवेश गरेका अभिनेता तथा नेपाल चलचित्र कलाकार संघका अध्यक्ष रवीन्द्र खड्काले पनि कलाकारकै बीचमा एकता खटकेको बताए। 'हो म पनि एउटा पार्टीमा आवद्ध छु। तर हामी जोकोही जुनसुकै पार्टीमा आवद्ध भए पनि, जुन विचारको भए पनि यो क्षेत्रको हक हितको लागि एक भएर किन काम गर्न सक्दैनौं?' उनको प्रश्न थियो।

अभिनेता, निर्माता तथा नेपाल चलचित्र निर्माता संघका अध्यक्ष आकाश अधिकारीले कलाकर्मी एकअर्काको बिपरित गईरहेको बताए। 'हामी एक अर्काको विपरीत गएकोले अस्तित्व गुमाइरहेका छौं। एक भएर गयो भने जे पनि गर्न सक्छौं। हाम्रो क्षेत्रको कुनै पनि समस्याको समाधान वा विकास र हतहितका लागि हामी कुनै पनि विभागिय मन्त्रीदेखि प्रधानमन्त्रीसम्म तथा सबै निकाय र संस्थासँग तत्काल सम्पर्क गर्न सक्छौं। हामी सबै एक भएर एकै मुख बनाएर गए कसैले पनि कुनै पनि कुरालाई नाईं भन्न सक्दैन' अधिकारीको भनाई थियो 'तर हामी त्यहाँ गएर एक अर्काको विपरित भइदिने गरेकाले भने जसरी अघि बढ्न सकिरहेका छैनौं।'

स्थानिय तहको निर्वाचन अघि नेकपा (एमाले) मा प्रवेश गरेकी अभिनेत्री तथा निर्मात्री करिश्मा मानन्धरले आफुहरु जुनसुकै दलमा गए पनि फिल्म क्षेत्रकै लागि काम गर्ने बताइन्। 'नेपाली सिनेमा इण्डष्ट्रि अब ठुलो भइसक्यो। यती ठूलो इण्डष्ट्रिको लागि हामीले म वा मेरो भनेर होइन हामी वा हाम्रो भनेर सोच्नु पर्यो। हो हामी कलाकार विभिन्न पार्टीमा छरिएका होलाउँ। तर ही जुन पार्टीमा गए पनि हामीले गएर बोल्ने भनेको सिनेमा नै हो' करिश्माको भनाई थियो।

अभिनेत्री, निर्मात्री तथा निर्देशक दीपाश्री निरौलाले भने हाल केही अभिनेत्रीले विभिन्न पार्टीमा समावेश भएर योद्धाको काम गरिरहेको चर्चा गरिन्।

अभिनेत्री, निर्मात्री तथा राष्ट्रिय प्रजातन्त्र पार्टीकी केन्द्रिय सदस्य रेखा थापाले कलाकारलाई हेर्ने नजर उच्च रहेको पाएको बताइन्। 'म धेरै ठाउँमा पुगेकी छु। जहाँ गए पनि हामी कलाकारलाई हेने ' दृष्टिकोण उच्च कोटिको रहेको पाएको छु। कलाकारले रजनितीमा केही गर्न सक्दैन। राज्य र देश हाँक्न सक्दैन भन्ने गरिन्छ। त्यसो भन्नेका लागि बलेनको विजयले गलत साबित गरिसकेको छ। हामी कलाकार मनोरञ्जनको साधन मात्रै होइन' रेखाले भनिन्।

# कुईनेटो र ऐना उत्कृष्ट

राजधानीमा *दशौं नेपाल अफ्रिका फिल्म फेस्टिबल २०२२* मा अन्तराष्ट्रिय विधातर्फ मोरक्कोको फिल्म *घोष्ट अफ स्पेशटाईमले लघू फिल्म* र बुर्किना फोसोको *आई अफ द स्ट्रोमले उत्कृष्ट फिल्म*को अवार्ड जितेको छ।

राष्ट्रियतर्फ कृषा चौलागाईंको *ऐना लघु फिल्म* र माधवराज खरेलको *कुइनेटोले फिल्म*को अवार्ड जितेको छ। *कुईनेटो*बाटै अभिनेता श्रीदेव भट्टराईले *जुरी अवार्ड* र जीवन पराजुलीले *छायाँकार*को अवार्ड जितेका छन्। महोत्सबमा लघू फिल्म *ऐना*बाट कृषाले क्रिटिक्सतर्फ *निर्देशक* र भुपेन्द्र अधिकारीले *सम्पादक*को अवार्ड जितेका छन्।

त्यसै गरी *राईज*बाट ऋषिराज आचार्यले *निर्देशक,* गजित बिष्टले *अभिनेता,* सरिता भारतीले *अभिनेत्री,* तुलसी प्रसाद श्रेष्ठले *खलनायक* र रिना अवालेले *हेयर स्टाईल, द डटर*बाट राजेन्द्र बजगाईंले *पार्श्व* संगीत, रेनिश फागोले *कलर करेक्सन,* इनु थापाले *कस्ट्युम डिजाईन, गरिमा*बाट पुरुषोत्तम बस्नेतले *स्कृप्ट राईटिङ, थर्ड आईबाट* केडी प्रसितले सह अभिनेता, *द ब्लाक कर्नर*बाट लक्षु गौतमले निर्देशनतर्फको जुरी अवार्ड, *शँका*बाट सुमन दाहालले *सोसियल म्यासेज फिल्म*को अवार्ड जिते भने *स्टुडेन्ट फिल्म*को प्रतिस्पर्धामा सनोल दाशको *झोल* उत्कृष्ट भएको छ।




NOW SHOWING
For Booking: 01-4468700



FCUBE CINEMAS
KL TOWER A Complete Shopping Mall

SHOW TIME

| MOVIES | CUBE 1 | CUBE 2 | CUBE 3 |
|---|---|---|---|
| Kabaddi 4 The final match | 11:45am \| 5:30pm | 2:00pm | 7:30am \| 10:15am \| 1:00pm 3:45pm \| 6:30pm \| 9:15pm |
| Samrat Prithiviraj | 2:45pm \| 8:30pm | 8:00am | |
| Top Gun: Maverick | | 7:30pm | |
| Vikram | | 11:00am | |
| Major | 8:45am | | |
| Bhool Bhulaiyaa 2 | | 4:45pm | |

www.fcubecinemas.com
facebook.com/fcubecinemas





कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित। कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं। पोबनं २०४५। फोनः ४-२६११७९। फ्याक्सः ४-२१८९९०। Email: nepalsamacharpatra@gmail.com। प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ। सम्पादकः कपिल काफ्ले